# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन

२०८२ कार्तिक



Scanned with CamScanner

# लैङ्गिक बजेट परीक्षण लेखाजोखा प्रतिवेदनको कार्यकारी सारांश

सिद्धलेक गाउँपालिकामा गरिएको लैङ्गिक बजेट परीक्षणले पालिकाका नीति, योजना र कार्यान्वयन प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को अभ्यास अझै सन्तोषजनक रूपमा लागू नभएको देखाएको छ।

मुख्य निष्कर्षहरू:

- - नीति निर्माणमा विपन्न, जोखिममा परेका र सीमान्तकृत समुदायको सहभागिता न्यून छ।
- - लैससास आधारित योजना तर्जुमा र आवधिक योजना निर्माण नभएको, वञ्चित समूहका लागि छुट्टै कोष तथा लक्षित कार्यक्रमको अभाव।
- - महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकका अधिकार समावेश भए पनि त्यसका लागि बजेट र कार्यक्रम सिमित।
- - योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा लैससास सूचकको प्रयोग नभएको।
- - महिला तथा बालबालिका शाखामा जनशक्ति र स्रोतको अभाव, र लैङ्गिक विभेदसम्बन्धी तथ्याङ्क संकलन कमजोर।
- - कर्मचारी तथा पदाधिकारीहरूमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र अन्तर्राष्ट्रिय प्रतिबद्धताबारे जानकारी अपर्याप्त।
- - सार्वजनिक सुनुवाइ र लेखा परीक्षणमा महिला र सीमान्तकृत वर्गका मुद्दा पर्याप्त रूपमा सम्बोधन नभएको।

सिफारिसहरू:

- - नीति, ऐन र कार्यक्रम निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित गर्ने।
- - लैससास विश्लेषणलाई योजना, बजेट र कार्यान्वयनको आधार बनाउने।
- - महिला तथा बालबालिका शाखा सुदृढ गरी जनशक्ति, बजेट र अभिलेख प्रणाली सुधार गर्ने।
- - महिला, विपन्न र वञ्चित वर्गका लागि विशेष कार्यक्रम र क्षमता विकास योजना सञ्चालन गर्ने।
- - लैङ्गिक संवेदनशील सार्वजनिक सुनुवाइ र लेखा परीक्षणलाई नियमित गर्ने।
- - पदाधिकारी र कर्मचारीहरूलाई लैससास सम्बन्धी तालिम र सचेतना कार्यक्रम प्रदान गर्ने।

यस प्रतिवेदनले सिद्धलेक गाउँपालिकालाई आगामी नीति तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई संस्थागत रूपमा सुदृढ गर्न मार्गदर्शन प्रदान गर्नेछ।

प्रतिवेदन पेश गर्ने कार्यदलका सदस्यहरु

१ राम प्रसाद शर्मा प्रमुख प्रशासकीय अधिकृत

२ श्री टिकाराम अधिकारी वरिष्ठ लेखा अधिकृत

३ श्री अनिल दुवाडी अधिकृत (छैटौं)

लैङ्गिक परिक्षण लेखाजोखा अध्ययन प्रतिवेदनको विषयसूची


| क.स. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अध्ययनको कार्यकारी सारांश | ३ देखि ५ |
| २ | पृष्ठभूमि, महत्व, उद्देश्य, अध्ययनका क्षेत्रहरु, अध्ययन विधि, सन्दर्भ सामाग्री विश्लेषण अध्ययनको निचोड, स्वोट विश्लेषणका प्राप्तीहरु, सहभागिहरु र माकुरे जालो | ६ देखि २२ |
| ३ | लैङ्गिक अडिट अध्ययनबाट प्राप्त भएका सवल, कमजोर पक्ष तथा चुनौतिहरु | २३ देखि २५ |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना | २६ देखि २९ |
| ५ | निष्कर्ष/सुझाव | २९ |
| ६ | अनुसूचीहरु | |
| | अनुसूची १: जेण्डर अडिट स्कोर | ३० देखि ३३ |
| | अनुसूची २: गाउपालिकाका कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि अभिमुखीकरण | ३४ |
| | अनुसूची ३ : प्रमुख सूचनादाता अन्तर्वार्ता प्रश्नावली तथा उत्तर | ३५ देखि ५२ |


रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## लैङ्गिक बजेट परीक्षण लेखाजोखा प्रतिवेदनको कार्यकारी सारांश

लैङ्गिक बजेट परिक्षण लेखाजोखाबाट प्राप्त निचोडको संक्षेपीकरण यस प्रकार रहेको छ। संक्षेपीकरण गर्दा लैङ्गिक बजेट परिक्षण लेखाजोखाको अंक तालिकामा भएका सूचकहरुलाई नै आधार मानिएको छ।

**कानून तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

कानून तथा नीतिको तर्जुमाको क्रममा जोखिम तथा बन्चितिकरणमा परेका वर्गहरुको सहभागिता नभएको, केही ऐन नियम सो वर्गलाई ध्यानमा राखी बनेको तर सो नीतिको बारेमा सम्बन्धित वर्गलाई जानकारी नभएको । पालिकाले बनाएको उपभोक्ता समिति सम्बन्धि कार्यविधि, बालबालिका सम्बन्धि कार्यविधि क्रमश: स्वयं उपभोक्ता समिति र बालक्लवलाई जानकारी नभएको । गाउंपालिकाका पदाधिकारीहरुलाई लैससास रणनीतिको बारेमा खासै जानकारी नभएको । विपन्न वर्ग, पछाडि परेका वर्गहरुको आवाज, अधिकार र छनौटलाई सशक्त गर्ने खालका केही नीतिहरु बनेको भए पनि त्यसका लागि कार्यक्रम र बजेटको व्यवस्था नगरिएको हुंदा लैससास रणनीति कर्मचारी तथा पदाधिकारीहरुको बीचमा छलफलमा ल्याई पालिकाले पारित गरेका ऐन, नियम तथा अबका दिनमा बनाउने नीतिहरुको बारेमा सम्बन्धित पक्षलाई जानकारी दिने, उनीहरुको सुझाव लिने खालका कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नु पर्ने ।

**लैससास विश्लेषणमा आधारित योजना तर्जुमा :**

गाउंपालिकाले लैससास विश्लेषणमा आधारित योजना तर्जुमा नगरेको, आवधिक योजना र मध्यकालिन खर्च संरचना नबनाइएको र बनेको योजनाहरुमा पनि यो विषय ओझेलमा परेको । गाउपालिकाले बन्चितिकरण तथा जोखिममा परेका वर्गहरुका लागि छुट्टै कोषको व्यवस्था गरी सोही कोष परिचालनको नीति बनाई कार्यक्रम तर्जुमा गर्ने नगरेको भएता पनि सो वर्गको हितलाई मध्यनजर गरी केही हदसम्म भए पनि कार्यक्रम सञ्चालन गरेको । सबै वडाहरुमा महिला हिंसा विरुद्धको १६ दिने अभियान, बालदिवस, अपाङ्ग दिवस मनाउने प्रचलन नभएको । तर पालिकास्तरमा भने सिमित वर्षमा मात्र मनाइने गरेको छ । गाउंपालिकाले आगामी दिनमा आवधिक योजना या वार्षिक योजना बनाउदा लैससास विश्लेषणको प्रतिवेदनले औंल्याएका कुराहरु समावेश गर्नु पर्ने, बन्चितिकरणमा परेका वर्गहरुको विशेष कोष तथा कार्यक्रम तय गर्नका लागि लैससास समितिले पैरवी गर्ने वातावरण तयार गर्नु पर्ने, महिला विरुद्ध हुने विभिन्न प्रकारका हिंसा, बाल दिवस, अपाङ्ग दिवस मनाउनका लागि समुदायमा आधारित संस्थाहरुको क्षमता विकास गर्ने र पालिकाको महिला तथा बालबालिका तथा जेष्ठ नागरिक शाखा आवश्यक पुर्वाधार तथा कर्मचारी व्यवस्थापन सहितको बालमैत्री, अपाङ्ग मैत्री, जेष्ठ नागरिक मैत्री शाखा व्यवस्थापन र मुख्य जिम्मेवार बनाई लागु पर्ने देखियो ।

**योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन :**

लैससासको विषयलाई योजना तर्जुमाको आधारको रुपमा ऐन बोले पनि व्यवहारमा अंगिकार नगरेको देखिएको, योजना तर्जुमा गर्दा, अनुगमन गर्दा लक्षित वर्ग विशेष कार्यक्रम बनाउने नगरिएको, न्यायमा पहुंच नपुगेका जोखिम तथा बन्चितिकरणमा परेका वर्गहरुको हितका लागि मेलमिलापकर्ताहरुको तालिमका लागि श्रोत विनियोजन नगरिएको, अनुगमनको सूचक बनाई अनुगमन गर्ने र अनुगमनबाट प्राप्त नतिजा सम्बन्धित शाखा तथा सरोकारवालासंग छलफल अन्तर्क्रिया गर्ने नगरिएको, पालिकाले वैदेशिक रोजगारमा जान चाहने युवती, महिला, जोखिम तथा बन्चितिकरणमा परेका वर्गको तथ्याङ्क नराखेको तथा त्यसका लागि क्षमता विकास कार्यक्रम नबनाएको, त्यस्तै वैदेशिक रोजगारीबाट नेपाल फर्किएका तर नेपालमै केही काम गर्न चाहने महिला उद्यमीहरुको रेकर्ड राखी उनीहरुका लागि स्वरोजगारका कार्यक्रमहरु डिजाइन गर्ने विषयमा गाउपालिकाले सोच अघि सारेको भए पनि कार्यक्रम व्यवस्था नभएको । महिला लक्षित कार्यक्रमको श्रोत पनि भौतिक निर्माणका लागि जाने भएकोले यो क्षेत्र थप मारमा परेको देखियो । आगामी दिनमा योजना तर्जुमा गर्दा लैससास विश्लेषणलाई योजना तर्जुमाको आधारको रुपमा लिइनु पर्ने, मेलमिलापकर्ताहरुको तालिम तथा वडास्तरीय मेलमिलाप केन्द्र तथा न्यायिक समितिको संस्थागत विकासका लागि यथोचित बजेट व्यवस्था र सोही अनुसारको कार्यान्वयन हुन आवश्यक देखिएको, पालिकामा वैदेशिक रोजगारमा गएका महिला, युवती आदिको तथ्याङ्कको अभिलेख जरुरी भएको साथै वैदेशिक रोजगारमा जान चाहने महिलाहरुका लागि महिला हिंसाको घटनाबाट बचाउन उनीहरुलाई तालिम, सचेतना निर्माणका लागि क्षमता विकास कार्यक्रम आवश्यक भएको, महिला उद्यमशीलताका कार्यक्रमहरु तर्जुमा गरी उनीहरुको आर्थिक समृद्धिका लागि गाउंपालिकाले काम गर्नु पर्ने देखिएको । महिला लक्षित कार्यक्रममा विनियोजन गरिएको श्रोत महिलाहरुको सचेतना निर्माणमा खर्च गर्न सके महिला माथि हुने हिंसा, दुर्व्यवहारलाई कम गर्न सकिने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**आन्तरिक संरचना:**

पालिकाभित्र महिला तथा बालबालिका शाखाको स्थापना भएको भएता पनि यसमा पर्याप्त कर्मचारीको अभाव भएको, साथै बस्ती, वडास्तरमा बन्चितिकरण, जोखिममा परेका वर्गहरु माथि भएको हिंसाका घटनाको बारेमा लिपिवद्ध हुन नसक्दा योजना तर्जुमामा यो क्षेत्रमा लगानी गर्न पर्छ भन्ने पैरवी गर्न कठिनाई भएको । उनीहरुमाथि भएको हिंसाका घटनाहरुले के कसरी उनीहरुको समृद्धि र सम्मानमा असर पारी उनीहरुलाई थप गरिबीको दलदलमा फसाउछ भन्ने विषयमा अध्ययन नभएको, न्यायिक समिति मार्फत केही केसहरुको मध्यस्थता भएको भएता पनि कतिपय केसहरु न्यायीक समिति समक्ष नआउने गरेको, आउने केशहरुलाई मौखिक रुपमा मिलाइने र केही केसहरुको अभिलेख राखिने गरिएको भएता पनि त्यसको फलोअप गरिने नगरिएको । महिला हिंसाका घटनाहरु घटेकै स्थलमा गई पीडितहरुको पक्षमा सहजिकरण गर्ने वा मध्यस्थता गर्ने आन्तरिक संरचनाको पर्याप्त क्षमताको अभावको कारणले पीडकहरुको मनोबल उच्च रही रहने प्रवृत्ति कायम भएको कुरा लक्षित समूहको छलफलको क्रममा केही महिलाहरुले राखेको । वडास्तरमा भएका आमा समूह, महिला समूहहरुले पनि महिला हिंसाको सम्बन्धमा धेरै सवालहरुमा मध्यस्थता गरेका तर उनीहरुले गरेको कामको समयमै उचित कदर नहुनुको साथै उनीहरुले गर्दै आएका असल अभ्यासहरु न्यायिक समितिसग कहीं कतै नजोडिने वा उनीहरुले गरेका असल अभ्यासहरुको समीक्षा नहुने भएकोले उनीहरुको मनोबल खस्किने अवस्थामा रहेको लक्षित समूह छलफलको क्रममा प्राप्त भएको । पालिकाभित्र भएको महिला तथा बालबालिका शाखालाई पर्याप्त बजेटको व्यवस्थापन गरी पर्याप्त कर्मचारी व्यवस्थापन गरि सुदृढ बनाउनु पर्ने, वडा तथा बस्तीस्तरमा घटको घटनाहरुको लिपिवद्ध प्रतिवेदन तयार पार्नु पर्ने, लैङ्गिक रुपमा खण्डीकृत तथ्याङ्क पालिकामा हुनु पर्ने, न्यायिक समितिले गरेका मध्यस्थताका घटनाहरुको विस्तृत मामिला अध्ययन गरी अभिलेख राख्नु पर्ने, न्यायिक समितिमा हाल भएको केस लोडलाई वढाउन न्यायिक समितिको क्षमता विकास गरिनु पर्ने, न्यायिक समिति र वडास्तर तथा बस्तीस्तरमा मध्यस्थता गर्ने आमा एव महिला समूह बीच आपसी छलफल, अन्तर्क्रिया गर्ने वातावरणको श्रृजना गर्नु पर्ने साथै वडा स्तरमा रहेका मेलमिलापकर्ताको क्षमता विकास गरी वडागत प्रगति विवरण पेश गर्नु पर्ने देखिन्छ ।

**मानव संशाधन क्षमता विकास, सम्बन्ध बिस्तार:**

गाउपालिकाले सस्थागत स्वमूल्याङ्कन मार्फत क्षमता विकासका खाडलहरु पहिचान नगरेको, पालिकाका सबै तहका कर्मचारीहरुलाई सस्थागत स्वमूल्याङ्कन के हो भन्ने विषयमा थाहा नभएको, विपन्न र बन्चितिकरणमा वर्गहरुको रणनैतिक आवश्यकता पुरा हुने खालका कार्यक्रम र बजेट तर्जुमा कम भएको, लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशीलताको विषयमा स्वय नीति निर्माता (पालिका पदाधिकारीहरुलाई) जानकारी कम भएको, महिला हिंसाका घटनाहरुलाई एउटा सामान्य दैनिक घटनाको रुपमा लिई उनीहरुलाई त्यसको विरुद्धमा बोल्न सिकाउनुको साटो सहन सिकाउने सामाजिक मान्यता रहेकोले पीडकहरुको मनोबल उच्च रहेको, उपभोक्ता समितिमा नीति बमोजिम ३३ प्रतिशत महिला सहभागि हुने व्यवस्था भए पनि उपभोक्ता समितिमा रहेका महिलाहरुलाई उपभोक्ता समितिमा रहेर आफुले के काम गर्ने, कसरी गर्ने भन्ने विषयमा जानकारी नहुदा नाम उनीहरुको रहने तर काम स्वय पुरुषले नै गर्ने परिपाटी कायमै रहेको, अस्थायी परिवार नियोजनका साधनहरु स्वयं महिलाले प्रयोग गर्नु पर्ने र पुरुष परिवार नियोजनका साधन प्रयोगकर्तालाई साधनप्रति आकर्षित गर्न नसक्दा महिलाहरुमाथि थप मानसिक समस्या थपिएको, २ वटा छोरीछोरी पश्चात स्थायी बन्ध्याकरण गर्ने पुरुषलाई पुरस्कृत गर्ने नीतिको अभावमा पुरुषहरुलाई स्थायी बन्ध्याकरणमा आकर्षित गर्न नसक्दा महिलाहरुले नै स्थायी बन्ध्याकरण गर्नु पर्ने देखिएको । पालिकाले सस्थागत स्वमूल्याङ्कन गर्ने गरिएको सोको जानकारी सबै कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक भएको, विपन्न तथा बन्चितिकरणमा परेका वर्गहरुको लागि रणनैतिक योजना आवश्यक भएको, महिला विरुद्धका घटनामा शुन्य सहनशीलताको विषयमा छलफल, पैरवी, अन्तर्क्रियाका कार्यक्रमहरु राख्न आवश्यक भएको, उपभोक्ता समितिमा रहेका महिलाहरुको सहभागितालाई अर्थपूर्ण बनाउन उनीहरुका लागि छुट्टै क्षमता विकासका कार्यक्रम राख्न आवश्यक भएको । पुरुष परिवार नियोजनका प्रयोगकर्ता बढाउन तथा छोरीको भ्रुण हत्यालाई रोकी आमाको स्वास्थ्यमा सुदृढिकरण गर्न र छोरीछोरी पश्चात स्थायी बन्ध्याकरण गर्ने जोडीहरुलाई पुरस्कृत गर्ने नीति गाउपालिका तथा वडाले अवलम्बन गर्नु पर्ने ।

**नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता :**

पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी, वेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धता, दिगो विकासका १७ वटा लक्ष्यहरु, बाल अधिकार जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

महासन्धी आदिको बारेमा जानकारी कम भएको। अन्तर्राष्ट्रिय सन्धी सम्झौताको बारेमा कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखीकरण गरी यसलाई स्थानीयकरण गर्ने ।

**सुझाव :**

गाउँपालिकाले आयोजना गर्ने सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षणले महिलाहरुका विशेष मुद्दाहरुलाई सम्बोधन गर्ने नगरेको, पालिकाले सार्वजनिक सुनुवाई तथा बहिर्गमन अभिमत, नागरिक सन्तुष्टी प्रतिवेदन पत्र सङ्कलन गरेता पनि सार्वजनिक गर्ने नगरेको, पालिका तथा वडामा टाँस गर्नु पर्ने नागरिक वडापत्रको विषयमा अधिकांश महिला समूह, बाल समूहलाई जानकारी नभएको, पालिकामा हुने विभिन्न संरचना जस्तै स्वास्थ्य चौकी व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति तथा अन्य नीतिगत संरचनाहरु महिला, जोखिममा परेका वर्गहरुको यथेष्ट प्रतिनिधित्व हुने हिसाबले बनाइएको तर महिलाहरुको प्रतिनिधित्व हुने हिसाबले पहुँच स्थापना गर्न नसकिएको । गाउँपालिकामा डिजिटल नागरिक वडापत्र भएको तथा वडाले डिजिटल नागरिक वडापत्र राख्नु पर्ने, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण गर्दा महिलाका सवालहरुको उठान गर्ने, पालिकाभित्र रहेका विभिन्न संरचनाहरुमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्नु पर्ने ।



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## १. पृष्ठभूमि

परापूर्वकालदेखि यस क्षेत्रका बासिन्दाहरुको आस्थाको केन्द्र रहेको सिद्धबाबाको मन्दिरको नामबाट यस गाउँपालिकाको नाम सिद्धलेक राखिएको हो भन्ने यहाँको बुद्धिजिविहरुको भनाइ छ। स्थानिय निकाएको पुनर्संरचना अनुसार सिद्धलेक गाउँपालिका साबिकका नलाङ सलाङ र कुम्पुर गा. वि. स हरु समेटि बनेको छ। यस गाउँपालिकामा ७ वटा वडाहरु निर्माण गरिएको छ। यहाँको कुल क्षेत्रफल १०६.०९ वर्ग किमी रहेको छ, जसमा पूर्वमा निलकण्ठ न.पा. र गल्छी गाउँपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरमा ज्वालामुखी गाउँपालिका र निलकण्ठ न.पा. तथा दक्षिणमा गजुरी र बेनिघाट रोराङ गाउँपालिका रहेको छ। २०७८ सालको जनगणना अनुसार सिद्धलेक गाउँपालिकाको जनसंख्याको २२,२१४ रहेको छ।

यस गाउँपालिकामा औषत पारिवारीक आम्दानीमा कृषि (पशुपालन र तरकारीखेति मुख्य) व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, साना उद्योग, सेवा, नोकरी हुन्। यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन्। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको छ। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशैं, तिहार, माघे सक्रान्ति, चैते दशैं आदि मनाउने गरिन्छ।

पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको केही भागमा खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि अधिकांश भाग पहाडी भागले ओगटेको छ। जंगल र जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिकामा साना साना खोलाहरु र खोल्सीहरु प्रशस्त रहेका छन्। यस गाउँपालिकाको प्रमुख जलाधार भनेको जंगल क्षेत्र नै हो।

गाउपालिका लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, बालबालिका सम्बन्धि ऐन तथा नीति, जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यविधि लगायत मानुनहरु तर्जुमा गरी गाउसभाबाट पास गरेको छ। त्यस्तै अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता, २०७९ सिद्धलेक गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ सिद्धलेक गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लगायतका नीतिगत व्यवस्था गरी तर्जुमा गरी लैससास कार्यलाई अघि बढाएको छ।

त्यस्तै नेपालको संविधान (२०७२) को प्रस्तावनामा उल्लेख भएको सामन्ती, निरकुंश र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी सबै प्रकारको वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेदको अन्त गर्ने परिकल्पना गरेको छ। समाजमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय स्थापना गर्नका लागि समानुपातिक, समावेशी तथा सहभागितात्मक विकासको मार्ग प्रशस्त गर्ने विषय उल्लेख भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ। यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपागता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिंदै सुसासन प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समूहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडि नछुट्न् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुट्न् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत सम्भव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

सोह्रौ योजना (आर्थिक वर्ष २०८१/०८२ - २०८५/०८६) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण । च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बन्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

## २. अध्ययनको महत्व

गाउपालिकाले तर्जुमा गर्ने आवधिक योजना, वार्षिक योजना, नीति, रणनीति तथा कार्यक्रमहरुलाई लैङ्गिक मैत्री बनाई समावेशी तथा समानुपातिक एव दीगो विकासमा टेवा दिनका लागि यो अध्ययन महत्वपूर्ण मानिएको छ । गाउपालिकाका नीति, रणनीतिका अतिरिक्त यसले अपनाउदै आएको विकासका अभ्यासहरुमा पनि आवाजहीन, अधिकारहीन, छनौटहीन वर्गहरुको अधिकार सुनिश्चित गर्नका लागि पनि यसको आवश्यकता भएको हो । यसका लागि गाउपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यविधि बनाई कार्यक्रम तथा रणनीतिहरुमा "लैङ्गिक मूलप्रवाहीकरण गरी "लैङ्गिक उत्तरदायी बजेट" मार्फत "लैंगिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहहरुको सशक्तिकरण गर्नका लागि पनि यो अध्ययनको महत्व बढेको छ । गाउपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा आफ्नो सबल पक्ष, सुधार्नु पर्ने विषय क्षेत्र, समस्या तथा चुनौतिहरुको पहिचान गरी निराकरणका उपायहरु पहिचान नगरी विकासका गतिविधिहरुलाई सञ्चालन गर्दै जाने हो भने गरिब र धनी बिचको खाडल बढ्दै जान्छ । दीगो विकासका लक्ष्य हासिल



राजप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गर्नका लागि पनि यो अध्ययन जरुरी छ । यो अध्ययनबाट प्राप्त खाडलहरुको आधारमा कार्ययोजना बनाउदै जाने र कार्ययोजनाका आधारमा कार्यक्रम कार्यान्वयन गरिने हो लैङ्गिक सचेतिकरण तथा सशक्तिकरणमा ठूलो पुऱ्याउन सकिन्छ । साथै यसबाट प्राप्त नतिजालाई आवधिक योजना तर्जुमा, वार्षिक योजना तर्जुमा, नीतिगत सुधारमा पनि प्रयोग गर्न सकिने भएकोले यसलाई गाउपालिकाले निकै महत्वपूर्ण दस्तावेजको रुपमा लिएको छ ।

**यसबाट स्थानिय तहलाइ फाइदा के छ ?**

स्थानिय तहले लैगिक उत्तरदायि बजेटको तर्जुमा गर्न र मुल्याकन पद्धतिको सुदृढिकरण गरि परिणममुखि योजना तर्जुमा तथा पारदर्शिता, उत्तरदायि र जिम्मेवारी वहन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतिबद्धता पुरा गर्ने विश्वासको वातावरण तयार गरि लैगिक सम्वेदनशिल बजेट तर्जुमा र समानुपातिक रुपमा बजेट बाँडफाँड र सन्तुलन कायम गर्न पहल गर्ने जसबाट गाँउपालिकालाई थप अनुदान प्राप्त भई विकास बजेटमा बढोत्तरी हुने र गाँउपालिकाको विकासमा सहयोग पुग्ने हुन्छ ।

## ३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु

- गाउपालिकाको योजना तर्जुमा, नीति निर्माण, रणनीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुलाई कुन हदसम्म प्रतिबिम्बित गर्न सकिएको छ त्यसको लेखाजोखा गर्न ।
- क्षेत्रगत रुपमा देखा परेका खाडलहरुलाई सम्बोधन गर्न आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गर्न
- पालिकामा लैङ्गिक समानता सामाजिक समावेशीकरण सम्बन्धी कार्यविधि बनाई सो अनुसार योजना तर्जुमा, नीति निर्माणको पद्धतिलाई अनुशरण गर्ने वातावरण तयार पार्ने

## ४. अध्ययनका क्षेत्रहरु

- कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- लैससास विश्लेषणमा आधारित योजना तर्जुमा
- योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन
- आन्तरिक संरचना
- क्षमता विकास
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिबद्धता
- सेवा प्रवाह र संस्थागत संस्कृति
- सुशासन

**विश्व परिवेश**

सन् १९८४ मा अष्ट्रेलियाबाट प्रारम्भ भएको यस लैससास नीतिको विस्तार विश्वका ६३ देशहरुले अंगिकार गरि कार्यान्वयनमा ल्याइ सकेका छन । यस बजेटले तलका कुराहरुमा सम्वेदनशिलता देखाएको छ ।

- Women's Budget
- Gender Budget
- Gender Sensitive Budget
- Gender Budget initiatives
- Gender Responsive Budget



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**परिक्षणका उपलब्धिहरु**

१) लैससास बजेटको जानकारी

२) बजेटको विषयमा छलफल

३) बजेटबाट हुने फाइदाहरुको

४) लैंगिक बजेट र अरु बजेटका भिन्नताको विषयमा छलफल

५) प्रमुख सुचक र उप सुचकहरुको जानकारी

६) योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता

७) महिलाहरुको क्षमता अभिवृद्धि

८) कार्यक्रममा महिलाहरुको लागि लाभ तथा नियन्त्रणको अवस्था

९) महिला मैत्री बजेट विनियोजनको अंक प्रदान गर्ने विधि

१०) महिला पुरुष समविकास ( कर्मचारी बीच)

११) समुह विभाजन गरी हाल सम्म लैङ्गिक सम्बन्धि सुचकहरुको माध्याम बाट मुल्यांकन गर्ने विधि

१२) लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेसी बजेट लेखाजोखा विधिको प्रयोग

## ५. अध्ययनको तरिका र विधि

### ५.१ छलफल र अन्तक्रिया कार्यक्रम

लैङ्गिक परिक्षण अध्ययनका लागि सबै भन्दा पहिला गाउपालिकाका सबै कर्मचारीहरुलाई राखी लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि छलफल र अन्तक्रिया कार्यक्रम गरिएको थियो। यसमा गाउपालिकाका सबै कर्मचारीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा, महत्व, लैङ्गिक समानता नहुदा यसले हाम्रो समाजमा पारेको प्रभाव र असरका साथै जेण्डरको प्रक्रिया र सूचकहरुको बारेमा छलफल भएको थियो। अभिमुखीकरण कार्यक्रममा सहभागि भएका कर्मचारीहरुको नाम, थर र पद अनुसूची २ मा उल्लेख गरिएको छ।

### ५.२ सन्दर्भ सामाग्री विश्लेषण

गाउपालिकाको कार्यदलका सदस्यहरुको सहजिकरण मार्फत गाउपालिकाका विभिन्न नीति तथा कार्यक्रमका दस्तावेज तथा नीतिहरु कतिको लैङ्गिकमैत्री छन भन्ने विषयमा छलफल गर्ने, विश्लेषण गर्ने तथा त्यसमा सुधार गर्नु पर्ने विषयमा टिपोट गर्ने उद्देश्यले गाउपालिकाले गत वर्ष तथा सो भन्दा अघिल्लो वर्ष पारित गरेका नीतिहरुमध्येबाट केही नीतिहरु र्‍याण्डम स्याम्पल विधिबाट छनौट गर्ने काम भएको थियो। साथै कार्यदलले कार्यालयबाट प्रवाह हुने सेवा र सेवाग्राहीसंग छड्के रुपमा जानकारी लिएको थियो।

### ५.३ लक्षित समूह छलफल

**लक्षित वर्गसंग सम्बन्धीत कार्यक्रम कार्यान्वयन गरिरहेका शाखाप्रमुख कर्मचारीहरुको लागि कार्यदलले निश्चित प्रश्नावली निर्माण गरी सोही बमोजिम अन्तर्वार्ता मार्फत गाउँपालिकाबाट नीति तथा कार्यक्रम र कार्यान्वयनका अवस्था र सो सग सम्बन्धीत जानकारी लिइएको थियो। सामुहिक छलफल तथा अन्तक्रिया कार्यक्रमबाट तपशिल बमोजिमको लक्षित वर्गको वास्तविक अवस्थाबारे एकिकृत टिपोट गरियो।**

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

उपभोक्ता समिति:

- उपभोक्ता समितिमा महिलाको सहभागिता अक्सर केसहरुमा नीतिगत औपचारिकता पुरा गर्नका लागि मात्र गरिएको ।
- अक्सर केसहरुमा उपभोक्ता समितिको अनुगमनको प्रतिवेदन बनाउने कम गरेको ।
- उपभोक्ता समितिले अनुगमनको क्रममा देखेका कुरा अनुगमन समितिमा छलफल गर्ने नगरेको ।
- गाउपालिकाले बनाएको उपभोक्ता समिति सम्बन्धि कार्यविधिको बारेमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई जानकारी नभएको ।
- उपभोक्ता समितिलाई आफ्नो काम, कर्तव्य र अधिकारको बारेमा गाउपालिकाले अनुशिक्षण दिने नगरेको ।

बालक्लब:

- गाउपालिका तथा वडा कार्यालयले बाल संरक्षण, बालसहभागिता (बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रम पर्याप्त रुपमा नगरेको ।
- बालविवाह बाबुआमाको सहमति बिना केटा र केटी भागेर हुने गरेकोले रोकथाम गर्न कठिनाई भएको ।
- बाल हेल्पलाईन १०९८ को बारेमा गाउपालिका, वडा कार्यालय, तथा बालक्लबलाई त्यस बारे कम जानकारी भएको।
- बालक्लबहरु गाउपालिका तथा वडा कार्यालयमा सूचीकृत नभएको ।

## ५.४ प्रमुख सूचनादाताहरुसंगको अन्तर्वार्ता:

संरचित प्रश्नावलीहरुको आधारमा तपसिलका व्यक्तिहरुको अन्तर्वार्ता लिने काम गरिएको थियो । उनीहरुको अन्तर्वार्ताको क्रममा प्राप्त मुख्य निष्कर्ष तल उल्लेखित तालिकामा राखिएको छ । प्रमुख सूचनादातासंग गरिएको छलफलको निचोड यस प्रकार रहेको छ । साथै अन्तर्वार्ताको प्रश्नावली तथा प्रश्नोत्तरको क्रममा प्रमुख सूचनादाताले भनेका कुराहरु अनुसूची ३१, ३२, ३३, ३४ मा उल्लेख गरिएको छ ।

- गाउपालिकाले नीति, नियमहरु पर्याप्त मात्रामा बनाएको भएता पनि नीति नियमको कार्यान्वयन पक्ष निकै कमजोर रहेको ।
- नीति नियम बनाउदा सरोकारवालाहरुको सल्लाह सुझाव पर्याप्त रुपमा नलिइएको र स्वीकृत भएका नीति नियमहरुको बारेमा सरोकारवालालाइ अभिमुखीकरण नगरिएको ।
- गत साल स्वीकृत भएका ऐन नियमहरु वेभ साईटमा राखिएको ।
- गाउपालिकाको लैससास नीति भएको ।
- गाउपालिकाले बन्चितिकरण तथा जोखिममा परेका वर्गहरुका लागि केही कार्यक्रमहरुको थालनी गरेको भएता पनि यो पर्याप्त भने छैन । बजेटको ठूलो भाग सडक निर्माणमा जाने गरेकोले पनि यो क्षेत्रमा ध्यान जान नसकेको । सडक निर्माणको क्रममा पनि लैससासका कतिपय पक्षहरुलाई समेट्दै जान सकिन्थ्यो तर त्यस सम्बन्धमा खासै छलफल, बहस हुने नगरेको ।
- गाउपालिकाबाट बजेट कार्यान्वयनको अवस्था स्थलगत अनुगमन हुने गरेको ।
- अनुगमन समिति तथा गाउपालिकाले कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।
- न्यायिक समितिले गरेको कार्यसम्पादन सन्तोषजनक भएता पनि मेलमिलापकर्ताहरुको भूमिका प्रभावकारी बनाउन नसकिएको कारणले अति गरिब, महिला, दलित, जातजातिहरुको न्यायिक समितिसंगको पहुचमा कमी रहेको छ भन्ने आभास गरिएको ।



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- लैङ्गिक तथा बहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था नभएता पनि उनीहरुका लागि केही हदसम्म क्षमता विकास, भौतिक आयोजना मार्फत सेवा प्रदान गर्ने गरिएको ।
- गाउँपालिकाले आफूले गरेका कामहरुको समीक्षा विषयगत क्षेत्रभित्र रहेर गर्ने नगरेको भएता पनि वार्षिक प्रगती समिक्षा हुने गरेको ।
- गाउँपालिकाभित्र वैदेशिक रोजगारमा रहेका युवायुवती तथा महिलाहरुको तथ्याङ्क नभएको । साथै वैदेशिक रोजगारमा गएकाहरुलाई स्वदेश फिर्ता गर्ने वा जान चाहनेहरुलाई यसको प्रक्रियाको बारेमा सुसुचित गर्ने खालका क्षमता विकासका कार्यक्रमहरु नभएको ।
- स्थानीय सरकारका पदाधिकारी, कर्मचारीहरुलाई बेईजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरु, दीगो विकासका सत्र वटा लक्ष्यहरु, बालअधिकार तथा जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिको विषयमा जानकारी पर्याप्त नभएको ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरुको सेवाको लागि विगतका भौतिक संरचनाहरु मैत्री नभए पनि हालको भौतिक संरचनाहरु मैत्री बनाउने कोशिश गरिएको ।
- गाउँपालिकाले वडातहमा सार्वजनिक सुनुवाई गर्ने गरेको । तर पूर्ण रुपमा निर्देशिकाको पालना गरेर ग्राहक सन्तुष्टी फारम भर्ने, उनीहरु सेवाबाट बाहिरिने बेलामा सोधपुछ गर्ने, सार्वजनिक सुनुवाई गर्दा सम्बन्धित सरोकारवाला बीच (सूचना प्राप्त उपभोक्ता) गर्ने परिपाटी नभएको ।
- गाउँपालिकाले बनाउने ऐन नियम माथिल्लो निकायबाट दिइएको ऐनको ढाचा बमोजिम बनेकोले लैङ्गिक मैत्री छन भन्ने निष्कर्ष निकाल्न सकिने कुरा प्रमुख प्रशासकीय अधिकृतको अन्तर्वार्ताको क्रममा प्राप्त भएको ।
- गाउँपालिकाले लैङ्गिक उत्तरदायी बजेटलाई आत्मसात गर्न नसक्नुको मुख्य कारणहरुमा गाउँपालिकाका योजनाहरु मागमा आधारित हुने र गाउँपालिकाका वडा तथा बस्तीस्तरबाट सबै भौतिक पूर्वाधारका आयोजनाहरु मात्र आउने भएकोले यस्तो हुन गएको हो भन्ने भनाईले पनि क्षमता विकासका कार्यक्रमहरु गाउँपालिकाले अंगिकार गर्न नसक्दा समुदायमा विकास भनेको भौतिक विकास निर्माण मात्र हो भन्ने सोचको विकास भएको देखिन्छ ।
- गाउँपालिकाले लैससास नीति बनाएको र पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने गाउँपालिकाको प्रतिवद्धता रहेको ।
- गाउँपालिकाको आफ्नै सपना नभएको । आज हामी कहा छौ, भोलिको हाम्रो गन्तव्य कहा हो, ती गन्तव्यहरुमा पुग्ने बाटाहरु के के हुन ? भन्ने हिसाबले नेतृत्वले दीर्घकालीन रणनीति बनाउन नसक्दा पालिकाले दिशाबोध गर्न नसकेको । यही कारणले लैससास सम्बन्धि क्षेत्रमा लगानीको वातावरण बन्न नसकेको ।
- कतिवटा बच्चा पाउने, कहिले पाउने, परिवार नियोजनको साधन कुन प्रयोग गर्ने आदि विषयमा महिलाको निर्णय लागु हुने नगरेको ।
- महिला विरुद्ध हुने १६ दिने अभियान, बालदिवस सबै वडाहरुमा सञ्चालन नभएको । पालिकाले केही वडामा सञ्चालन भएका अभियानलाई लिएर पालिकाभरि भएको भन्न नमिल्ने ।
- उपभोक्ता समितिमा महिला पदाधिकारी राख्ने गरिएको भएता पनि यो केवल एउटा औपचारिकता मात्र भएको । महिलालाई विशेष जिम्मा दिई काममा नलगाईएकोले यसबाट उनीहरुलाई पर्याप्त सिकाई नभएको । उनीहरुलाई (महिला सदस्यहरुका लागि) क्षमता विकासका कार्यक्रमहरु आवश्यक भएको ।
- बालबालिकाहरुमा कुलतको समस्या बढ्दै गएको । लागु पदार्थ दुव्यर्सनी सम्बन्धि समस्यालाई निराकरण गर्न किशोरी शिक्षा आवश्यक भएको ।
- बालबालिकाका बाबु आमाका लागि अहिंसात्मक सन्चारको तालिमको आवश्यकता भएको ।
- विपन्न वर्ग, पछाडि परेका वर्गहरुको अधिकार, आवाज तथा छनौटलाई शशक्त गर्ने खालका कार्यक्रम, कार्यविधिहरुको अभाव भएको ।



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

- स्वास्थ्य व्यवस्थापन समितिको संयोजक वडाध्यक्ष भएको र वडाध्यक्षको कार्यभार बढी भएकोले संयोजकको भूमिका राम्ररी निभाउन नसकेको । यसको सट्टामा कार्यभार महिला सदस्यलाई दिन सके स्वास्थ्य व्यवस्थापन समिति सक्रिय हुन सक्ने संभावना रहेको ।

५.४ कार्यदलको बैठकबाट लैंगिक परिक्षण अडिटको मापन गर्ने कार्य

प्रशासन शाखा प्रमुखको संयोजकत्वमा बसेको बैठकबाट जेण्डर अडिटको निर्धारित ढाचा बमोजिम अंकभार दिने काम गर्नुको साथै कार्ययोजना बनाउने काम सम्पन्न गरेको छ। कार्ययोजना बनाउँदा SWOT विश्लेषणलाई आधार मानिएको छ । कार्यदलको बैठकको निर्णयप्रति यसै प्रतिवेदनको अनुसूची ७ मा उल्लेख गरिएको छ । कार्यदलको बैठक बसी जेण्डर अडिटको मापन गर्ने काम सम्पन्न भएको छ जसमा ९६ अंकभारमा यस गाउँपालिकाले ५५.५ अंक प्राप्त गरेको छ। सोही अंक मापनको आधारमा SWOT विश्लेषण गरिएको ।

५.५ SWOT विश्लेषण:

जेण्डर अडिटको निर्धारित ढाचा बमोजिम अंकभार दिने काम पश्चात गाउँपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण क्षेत्रमा रहेको सबल पक्ष, सुधार्नु पर्ने पक्ष, त्रास र चुनौति पहिचान गर्ने काम सम्पन्न भएको छ । SWOT विश्लेषणको निचोड तपसिल बमोजिम रहेको छ ।

- धेरै सबल पक्षहरु हुँदा हुँदै पनि कानून तथा नीति निर्माणको क्रममा बन्चितिकरणमा परेका वर्गहरुको सुझाव लिने विषयलाई कम आंकलन गरिएको देखियो । स्वीकृत भएका नीति तथा कानूनको विषयमा कर्मचारी तथा पदाधिकारीहरुलाई अनुशिक्षण नदिइएको, अपाङ्गता, सडक बालबालिकाको बारेमा केही नीति बनेको भएता पनि सरोकारवालाहरुलाई जानकारी दिने कुरालाई कम आंकलन गरिएको ।
- कानुन तथा नीति निर्माण भएको भएता पनि त्यसलाई कार्यान्वयन गर्नका लागि बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गर्ने काम नभएको ।
- लैससास विश्लेषणमा आधारित योजना तर्जुमाको सम्बन्धमा लैससास सम्बन्धि कामहरु भएको भएता पनि यसको प्रतिवेदन, यस सम्बन्धि तथ्याङ्कको अभाव भएको । लैससास वर्गहरुको हितलाई सम्बोधन गर्ने गरी विशेष कोष निर्माण गरी विशेष कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने कार्य नभएको ।
- योजना कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन अन्तर्गत अनुगमन समिति गठन भएको भएता पनि क्रियाशील नभएको । योजनाको अनुगमन सूचक बनाएर गर्ने नगरिएको साथै अनुगमनबाट प्राप्त निचोडलाई सम्बन्धित शाखाका कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, निर्वाचित पदाधिकारीसंग छलफल, परामर्श गर्ने संस्कृतिको विकास गर्न नसकिएको ।
- पुराना आयोजनाहरुको प्रभाव मूल्याङ्कनको विषय ओझेलमा परेको ।
- लैङ्गिक बहिष्करणमा परेका वर्ग, वडा, समुदाय, जातजाति पहिचान वा नक्साङ्कन नभएको ।
- लैससासको विषयलाई सारभूत रुपमा उठाउन घटना तथा मामिला अध्ययन जरुरी भएको र घटना तथा मामिला अध्ययन गर्ने काम नभएको ।
- गाउँपालिकाले गर्ने नियमित सार्वजनिक सुनुवाईमा बहिंगमन अभिमत र नागरिक प्रतिवेदन पत्रको जानकारी लिने नगरिएको ।
- लैङ्गिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुको विकासमा पहुँच स्थापना गर्न सूचना सञ्चार सामाग्री तयार गर्ने नगरिएको ।



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. विश्लेषणका औजारहरु

- SWOT analysis
- माकुरे जालो विश्लेषण विधि

**७. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु**

**कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका समुदायको सहभागिता नहुने गरेकोले यसप्रति गाउँपालिकाको ध्यानाकर्षण भएको ।
- गाउँपालिकाले लैससास नीति बनाएको साथै सो नीति कार्यान्वयन गर्दा सम्बन्धित वर्ग, समुदायसंग छलफल, अन्तर्क्रिया गर्नु पर्छ भन्ने कुराको बोध भएको ।
- गाउँपालिकाले समान ज्यालाको नीति, कार्यविधि बनाएर जानु पर्छ भन्ने सचेतना निर्माण भएको ।

**लैससास विश्लेषणमा आधारित योजना तर्जुमा**

- लैससास संवेदनशील आवधिक योजना बनाउने र सोही योजनाको आधारमा वार्षिक योजना तयार गर्ने परिपाटीलाई संस्थागत गर्न जरुरी छ भन्ने सन्देश प्राप्त भएको ।
- आवधिक योजनासंगै क्षेत्रगत योजनाहरु बनाउँदा पनि लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, संस्कृति, वर्ग, अपाङ्गता, श्रवणहीनता, दृष्टिविहीन आदिका लागि विशेष कोषको व्यवस्था गर्ने नीति, कार्यक्रम जरुरी छ भन्ने साझा बुझाई प्राप्त भएको ।
- वार्षिक योजना तर्जुमामा विशेष भूमिका खेल्ने विषयगत समिति तथा अन्य समितिका पदाधिकारीहरुलाई लैससास संवेदनशील योजनाको महत्त्व, औचित्य, त्यस्ता योजना बनाउने ज्ञान तथा सीप अभिवृद्धि गर्नु पर्ने साझा सन्देश प्राप्त भयो ।

**योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन**

- योजनालाई प्रभावकारी, पारदर्शी, गुणस्तरीय बनाउन तथा सरोकारवालाहरु बीचको उत्तरदायित्व अभिवृद्धि गरी प्रभावकारी सिकाईका लागि अनुगमनको आवश्यकता भएको विषयलाई हृदयगम गरियो । साथै गाउँपालिकाले प्रभावकारी अनुगमन गर्न नसकेको कुरा कार्यदलका सदस्यहरुले स्वीकार गरे ।
- परियोजना समाप्त भएपछि परियोजनाले लक्षित वर्गमा के कस्तो प्रभाव पार्‍यो भन्ने हिसाबले अनुगमन गर्ने नगरिएकोले ती परियोजनाहरुबाट प्राप्त सिकाई नयाँ परियोजना निर्माणमा लगाउन नसकिएको ।
- लैससास क्षेत्र तुलनात्मक रुपमा अरु क्षेत्रको तुलनामा छायामा परेको र यसलाई क्रियाशील बनाउन गाउँपालिकाले यो क्षेत्रका लागि श्रोत विनियोजन गर्नु पर्ने देखिएको । साथै लैससास क्षेत्रलाई सुदृढ बनाउनका लागि महिला तथा बालबालिका शाखाको संस्थागत क्षमता अभिवृद्धि गर्नु पर्ने देखियो । न्यायिक समितिभित्रको केस लोड पनि कमजोर भएकोले वडास्तरका मेलमिलाप केन्द्रलाई सुदृढ गर्नु पर्ने देखियो ।

**आन्तरिक संरचना**

- पालिकाले महिला, बालबालिका, अपाङ्ग, दलित, पछाडि परेको वर्गहरु माथि भएको घरेलुहिंसाका घटना अध्ययनहरु गरी यसका आधारमा कार्यपालिकामा छलफल, बहस तथा पैरवी गर्ने वातावरण सृजना गर्नु पर्ने देखियो ।
- गाउँपालिकाले न्यायिक समिति मार्फत विपन्न वर्ग, महिला, दलितहरुका लागि केही मात्रामा सेवा पुर्‍याएको भए पनि यसको कार्यक्षेत्रलाई व्यापक बनाउन वडास्तरको मेलमिलाप केन्द्रलाई सुदृढ बनाई अघि बढ्नु पर्ने देखिएको र



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

यसका लागि गाउँपालिकाले बजेट विनियोजन गर्नु पर्ने देखिएको । न्यायिक समितिमा आउन केश लोड कम भएको स्वीकारिएको ।

**क्षमता विकास**

- गाउँपालिकाले आफ्नो गरेका कामहरुको स्वमूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्न आवश्यक देखिएको ।
- गाउँपालिकाले स्वरोजगार तथा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको रोष्टर तयार गरी उनीहरुको क्षमता विकासका लागि कार्य गर्नु पर्ने देखिएको ।
- गाउँपालिकाले महिलाहरुका रणनैतिक आवश्यकता पुरा गर्ने कुनै काम नगरेकोले सो सम्बन्धमा ध्यानाकर्षण भयो ।

**नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिबद्धता**

- पालिकाका पदाधिकारी तथा शाखा प्रमुखहरुका लागि महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी, वेईजिङ घोषणा पत्रका १२ वटा प्रतिबद्धता, दिगो विकासका १७ वटा लक्ष्यहरु, बाल अधिकार जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिको बारेमा अनुशिक्षण आवश्यक भएको ।

**सेवा प्रवाह र संस्थागत संस्कृति**

- लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करण तथा जोखिममा परेका व्यक्ति तथा समुदायको नक्साङ्कन गर्ने, अद्यावधिक गर्ने परिपाटीलाई पालिकाले संस्थागत गरी सो अनुसार उनीहरुको सहभागितामा उनीहरुकै लागि योजना तथा नीति तर्जुमा गर्न आवश्यक भएको ।
- गाउँपालिकाले दिने सेवा सुविधाहरु घुम्ती शिविरको रुपमा दिदा सेवा प्रभावकारी हुने ।
- महिला हिंसा विरुद्धको शुन्य सहनशीलता प्रवर्द्धन गर्न समुदायमा भएका समूह, सहकारी, सामुदायिक संस्थाहरुको क्षमता विकास गर्नु पर्ने ।

**सुशासन**

- गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बहिर्गमन अभिमत, नागरिक प्रतिवेदन पत्र सार्वजनिक गर्ने अभ्यासलाई संस्थागत गर्न जरुरी देखिएको साथै लैससास सम्बन्धी घट्ना अध्ययनका आधारमा सूचना तथा शिक्षा सामाग्री तयार पारी समुदायमा सचेतना निर्माण गर्न जरुरी देखिएको ।

**९. लैससास बजेट परिक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था**

**९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक**

**तालिका नं. १** - लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट लेखाजोखा विधि (GESI Audit)

नोट ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो

| क्र.सं. | सूचक र उपसूचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | १२ | ८ |
| १.१ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा) | ४ | २ |



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| क्र.सं. | सूचक र उपसूचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| क | स्थानीय तहको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोच वा परिकल्पना छ/छैन ? | ०-१ | ०.५ |
| ख | स्थानीय तहको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ /छैन ? | ०-१ | ०.५ |
| ग | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ/छैन ? | ०-१ | ० |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ/छैन ? | ०-१ | १ |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | २ |
| क | स्थानीय तहका पदाधिकारी र कर्मचारीको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग र समुदायका बिच सामाजिक समावेशीकरण हुने गरी कर्मचारी र पदाधिकारीको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन ? | ०-१ | १ |
| ख | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०-१ | ० |
| ग | स्थानीय तहको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन | ०-१ | ० |
| घ | महिला तथा पुरुष कर्मचारीहरुको सङ्ख्यामा समानता छ /छैन । (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने ) | ०-१ | १ |
| १.३ | **लैङ्गिक संवेदनशील कार्य प्रणाली** | ४ | ४ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने ) | ०-१ | १ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ/छैन | ०-१ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०-१ | १ |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था छ /छैन | ०-१ | १ |
| २ | **स्थानीय तहको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण** | १२ | ४.५ |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | २ |
| क | स्थानीय तहका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०-१ | ०.५ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी सचालन गर्न गत वर्ष पर्याप्त रकमको<br>व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सबै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०-१ | ०.५ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०-१ | ०.५ |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०-१ | ०.५ |
| २.२ | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | २.५ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ ? | ०-१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समूहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था छ ? | ०-१ | ० |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईन्छ ? (वडा स्तरसम्म) | ०-१ | ०.५ |
| घ | महिला तथा लक्षित समूहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ ? | ०-१ | १ |
| २.३ | **स्थानीय तहको क्षमता विकास कार्ययोजना** | ४ | ० |



Scanned with CamScanner

| क.सं. | सूचक र उपसूचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| क. | स्थानीय तहको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०-१ | ० |
| ख. | के स्थानीय तहको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०-१ | ० |
| ग. | के स्थानीय तहको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०-१ | ० |
| घ | उक्त परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका व्यवस्था गरेको छ? | ०-१ | ० |
| ३ | **लक्षित कार्यक्रम** | १२ | ७ |
| ३.१ | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता :** | ४ | १.५ |
| क | के स्थानीय तहले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग लगायतनेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०-१ | ०.५ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने ।) | ०-१ | ०.५ |
| ग | के स्थानीय तहको योजना लक्षित समूहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०-१ | ०.५ |
| घ | के स्थानीय तहको योजनामा लक्षित समूहहरुको लागि छुट्ट्याएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बन्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयमा बजेट खर्च गरिएको छ ? | ०-१ | ० |
| ३.२ | **महिला उत्थानका लागि कार्यक्रमहरु** | ४ | २.५ |
| क | महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालित भएका छन् ? (जस्तो सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ खस्ने अवस्था सुधार गर्न, स्वास्थ्य शिविरहरु राख्ने) | ०-१ | १ |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो: अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साक्षी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०-१ | ० |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०-१ | १ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | ०-१ | १ |
| ग | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका बाह्रवटा प्रतिबद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०-१ | ०.५ |
| घ | महिला विकासका लागि भएका बेइजिङ घोषणा पत्रका बाह्रवटा प्रतिबद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| ८.२ | **महिला बिरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने** | ४ | २.५ |
| क | महिला बिरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०-१ | ०.५ |
| ख | लैङ्गिक हिंसा रहित गाँउपालिका घोषणा गरेको छ ? | ०-१ | ० |
| ग | १६ दिने महिला बिरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु स्थानीय तहहरुले सञ्चालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०-१ | १ |
| घ | महिला हिंसा बिरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | ०-१ | १ |
| ८.३ | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिबद्धताहरुको कार्यान्वयन** | ४ | २ |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमा नै सम्पन्न गरेको छ ? | ०-१ | ०.५ |
| ख | के स्थानीय तहबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्बन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरु संचालन गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| ग | के स्थानीय तहबाट आदिबासी जनजातीहरुको विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा सचालन गर्ने गरको छ ? | ०-१ | १ |
| घ | महिलाबिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय तहको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरेको छ ? | ०-१ | ० |

Scanned with CamScanner

बैठक संख्या :

बैठक मिति :२०८२/०६/३०

बैठका समय : विहान ८:३० बजे

स्थान : सिद्धलेक गाउँकार्यपालिकाको हल बुडघुड



आज मिति २०८२ साल आश्विन महिनाको १२ गतेका दिन यस सिद्धलेक गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण सम्बन्धित कार्यदलको बैठक यसै समितिका संयोजक एवम सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद शर्मा ज्यूको अध्यक्षतामा उल्लेखित समय र स्थानमा निम्नानुसारको उपस्थीतिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थीति:

१ श्री राम प्रसाद शर्मा - संयोजक

२ टिकाराम अधिकारी – सदस्य

३ श्री अनित दुवाडी – विषयगत शाखा प्रमुख (सदस्य सचिव)

आमन्त्रीत:

१ श्री सिता थापा सहायक लेखा अधिकृत

२ श्री रामचन्द्र अधिकारी न्यायीक सहजकर्ता

प्रस्ताव

१ सिद्धलेक गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण सम्बन्धी स्कोर परिक्षण सम्बन्धमा ।

२ विविध सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं. १ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिकाको लागि आवश्यक लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण प्रतिवेदन तयार गर्नको यस गाउँपालिकाको **आन्तरिक संरचना र सुशासन** विषयमा तपशिल बमोजिमको सूचकहरुमा अंक निर्धारण गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| **आन्तरिक संरचना** | १२ | ५ |
| **स्थानीय तहमा महिला तथा लक्षित समुहको सहभागिता** | ४ | ०.५ |
| आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ ? | ०-१ | ० |
| दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ ? | ०-१ | ० |
| आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समुहहरुको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०-१ | ० |
| जे जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०-१ | ०.५ |
| **वित्त तथा लेखा व्यवस्थापन** | ४ | २ |
| महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०-१ | ० |
| आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०-१ | १ |
| लैङ्गिक डेस्कको विकासको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०-१ | १ |
| **स्थानीय तहमा गठित समिति** | ४ | २.५ |
| के जिसस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०-१ | ०.५ |
| पालिकाको स्रोत अनुमान समिति, वडा समिति, योजना तर्जुमा समिति, गाउँपालिका योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरुमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०-१ | १ |
| महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०-१ | ०.५ |
| स्थानीय तहको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०-१ | ०.५ |
| **सुशासन** | १२ | ११.५ |
| **पारदर्शिता/ जफाबदेहिता** | ४ | ४ |
| के स्थानीय तहले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०-१ | १ |
| के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०-१ | १ |
| के स्थानीय तहको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ | ०-१ | १ |
| के स्थानीय तहले महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरितो ढगबाट दिने गरेको छ ? | ०-१ | १ |
| **सूचना व्यवस्थापन** | ४ | ३.५ |
| के स्थानीय तहले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| के स्थानीय तहको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०-१ | १ |
| के स्थानीय तहले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्यांक अध्यावधिक गर्ने गरेका छन् ? | ०-१ | १ |
| के स्थानीय तहमा खण्डीकृत तथ्यांकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०-१ | १ |
| **सूचना शिक्षा र संचार** | ४ | ४ |
| के स्थानीय तहले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ ? | ०-१ | १ |
| के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? | ०-१ | १ |
| के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरुको स्थानीय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छ ? | ०-१ | १ |
| के स्थानीय तहले स्थानीय पत्रकारहरुद्वारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०-१ | १ |

Scanned with CamScanner

अनुसूची ७ : प्रमुख सूचनादाता अन्तर्वार्ता

७.१ प्रमुख प्रशासकीय अधिकृत प्रमुख सूचनादाता

**विषय: कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

प्रश्न १: गाउँपालिकाले बनाएका ऐन, नियम, निर्देशिका कत्तिको लैङ्गिकमैत्री छन ?

गाउँपालिकाले बनाउने ऐन नियमहरु नेपालका कानूनी ढाँचा जस्तै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमूना ऐन कानुनहरुको अधिनमा रही बनाउने भएकाले बनेका ऐनहरुलाई लैङ्गिकमैत्री छन भनी मान्नु पर्छ । तर स्थानीय सरकारले बनाएका ऐनहरुले स्थानीय आवश्यकतालाई सम्बोधन गर्छन कि गर्दैनन भन्ने कुरामा भने हामीहरु सचेत हुन जरुरी छ ।

प्रश्न २: कानुन तथा नीति निमार्णको क्रममा लाभग्राही वर्ग विशेषत: महिला, सामाजिक रुपमा पछि परेका वर्गहरुको सल्लाह सुझाव लिने विषयलाई कसरी लिनु भएको छ ?

कानून कानून विशेषज्ञहरुले बनाउने हो । कानून बनाउँदा आरक्षण राख्ने व्यवस्थालाई प्रवर्द्धन गर्नु ठीक होइन ।

प्रश्न नं.३: स्वीकृत भएका कानुन तथा नीतिहरुको बारेमा सबै कर्मचारीलाई अभिमुखीकरण गर्ने विषयमा यहाँको अवधारणा के छ ?

कर्मचारीहरु स्वयंले आफ्नो कार्यालयले के कस्तो नियम कानुन बनाएको छ र बनाएका कानूनहरु संघ र प्रदेशको ऐन कानूनसग मेल खान्छ कि खान्न भनेर अध्ययन गर्नु पर्छ ।

प्रश्न नं. ४: स्वीकृत भएका ऐन नियम तथा नीतिहरु सबैको जानकारीका लागि वेबसाईटमा राख्ने विषयमा यहाँको प्रतिबद्धता के छ ? स्वीकृत भएका सबै नियम तथा नीतिहरु वेबसाइटमा अपडेट गरी राखिएको छ । धेरै भन्दा धेरै मानिसहरुको पहुँच पालिकाको नीतिहरुमा होस भनेर यस्तो गरिएको हो ।

**विषय: लैससास विश्लेषणमा आधारित योजना तर्जुमा**

प्रश्न नं.१: गाउँपालिकाको के कस्तो लैससास नीति रहेको छ ? आगामी दिनमा गाउँपालिकाले लैससास नीतिलाई कसरी कार्यान्वयन गर्ने तयारी गर्दैछ ?

गाउपालिकाले लैससास नीति बनाएको छ । सोहि बमोजिम लैससासको क्षेत्रमा धेरै थोरै लगानी गर्दै आएको छ ।

प्रश्न नं.२ गाउपालिकाले वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिकदायी बजेटको अवधारणालाई कसरी आत्मसात गर्दै आएको छ ?

गाउपालिकाले लैङ्गिकदायी बजेटको अवधारणालाई आत्मसात गर्न सकेको छैन । गाउपालिकाका विकास गतिविधिहरु मागमा आधारित हुने भएको र अधिकाश माग भौतिक पूर्वाधार विशेषत सडकमा आउने भएकोले लैङ्गिकदायी बजेटको अवधारणालाई आत्मसात गर्न नसकेको हो । तर आगामी दिनमा यस्ता विषयहरुमा पनि बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गर्ने सोच बनाएको छ ।

प्रश्न नं.३: गाउपालिकाले वन्चितिकरण तथा जोखिममा परेका व्यक्ति तथा समुदायका लागि विशेष कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको अवस्था के छ ?

विशेष कोषको व्यवस्था नगरे पनि त्यो क्षेत्रमा अप्रत्यक्ष लगानी नभएको होइन तर त्यसलाई यो क्षेत्रमा काम गर्नेहरुले नमान्ने स्थिति छ । हामीले आमा समूहको भवन निर्माण गर्न, सुकुम्बासीहरुको समस्या समाधान गर्ने क्षेत्रमा काम गरेका छौ । महिलाहरुको लागि सुरक्षित आमा कोष, एम्बुलेन्स सेवा आदिको व्यवस्था पनि गरिएको छ । त्यस्तै



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

जनजाति समुदायका लागि शिक्षा, स्वास्थ्यको माध्यमबाट क्षमता विकास, स्वास्थ्य तथा शिक्षा सुधारमा लगानी भएको छ।

### विषय: योजना कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन

प्रश्न नं १. गाउँपालिका अन्तर्गत रहेको अनुगमन समितिलाई सक्रिय बनाउन पालिले खेलेको भूमिका के छ ? (सूचक वा चेकलिष्ट बनाउने, अनुगमन गएर आईसकेपछि सम्बन्धित पक्षसंग बैठक बस्ने, अनुगमनमा देखिएका त्रुटी तथा कमजोरीहरुलाई सुधार्ने आदि)
सूचक वा चेकलिष्ट बनाएर अनुगमन गर्ने काममा बढी समय लाग्ने भएकोले सम्बन्धित स्थलमै गएर अनुगमन गर्ने गरिएको छ। अनुगमनमा लेखा, उपाध्यक्ष, अनि मेरो उपस्थिति हुने गरेको छ। अनुगमनमा देखेका कुरा सम्बन्धित सरोकारवालालाई जानकारी गराई गुणस्तरमा सुधार गर्ने कार्य भईरहेको छ।

प्रश्न नं २. अनुगमन समितिको नियमित बैठक तथा अन्तर्क्रिया एवं छलफलको विषयमा यहा के भन्नु हुन्छ ?
अहिले गाउपालिकामा थोरै मान्छेबाट धेरै काम लिनु पर्ने स्थिति छ। योजना हेरेर आपसी सहमतिमा सम्बन्धित फाटका कर्मचारी तथा पदाधिकारी गई अनुगमन गरी आउने व्यवस्था गरिएको छ। अनुगमनले हाम्रो उद्देश्य पुरा हुन पर्छ प्रक्रिया कस्तो अपनाउने त्यो हाम्रो छनौटको विषय हो।

प्रश्न नं ३. अनुगमन समितिले कुनै कार्यक्रम सञ्चालन भए पश्चात त्यसको प्रभाव मूल्याङ्कनको अवस्था कस्तो छ ? यदि कमजोरीहरु छन भने त्यसलाई सुधार्नका लागि गरिएका प्रयासहरु के के छन ? प्रभाव अनुगमनको काम हुने गरेको छैन।

### विषय: आन्तरिक संरचना

प्रश्न नं १. गाउपालिकामा गठित न्यायिक समिति, वडास्तरका मेलमिलाप केन्द्रको कार्यसम्पादनको अवस्था कस्तो छ ? लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका वर्गहरुले सो समितिबाट फाइदा पाउने अवस्था श्रृजना भएको छ कि छैन ?
न्यायिक समितिको कार्यसम्पादनलाई राम्रो भन्नु पर्छ। समितिले धेरै वादविवादहरुको मध्यस्थता गरेको छ। हामीकहा मेलमिलाप केन्द्रको स्थापना गर्न सकिएको छैन। तर मेलमिलाप केन्द्र स्थापना गर्ने लक्ष्य छ। वडा तहमा मेलमिलाप केन्द्र स्थापना गर्न सक्ने हो भने बहिष्करणमा परेका वर्गहरुले फाइदा पाउने स्थिति श्रृजना हुन्छ।

प्रश्न नं २. लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था सम्बन्धमा कुन कुन सम्पन्न भएका छन ? जस्तै बालविकास कोष, अपाङ्गता कोष, छात्रवृत्ति कोष, दलित उत्थान विकास कोष आदि)
यसरी छुट्टै कोषको व्यवस्था नभएको भएता पनि कार्यक्रम सञ्चालन भई रहेको छ। अपाङ्ग सम्बन्धि कोषको व्यवस्था गरिएको छ।

प्रश्न नं ३. गाउपालिकाले पालिकास्तरमा भएका समुदायमा आधारित संघसंस्थाहरुको अभिलेख तथा उनीहरुको क्षमता विकासका लागि के कस्तो भूमिका खेल्दै आएको छ ?
स्थानीय संघ संस्थाहरुको सूचीकृत गर्ने र उनीहरुले सम्पादन गरेका कामहरुको बारेमा जानकारी राख्ने अनि उचित निर्देशन दिने काम हुदै आएको छ।

### विषय: क्षमता विकास

प्रश्न नं १. गाउंपालिकाले आफूले सम्पादन गरेका कामहरुको सम्बन्धमा स्वःमूल्याङ्कन गर्ने विषयलाई कसरी लिनु भएको छ ? कैही गाउपालिकाहरुले आफ्नै सक्रियतामा संस्थागत स्वमूल्याङ्कनको पाटोलाई अघि बढाई क्षमता विकासको कार्ययोजना बनाएका छन। यसमा तपाईंको भन्नु के छ ?
गाउपालिकाले गरेका कामहरुको आफैले स्वःमूल्याङ्कन गर्नु राम्रो हो। हामी कहा पुग्ने लक्ष्य थियो, हामी कहा पुग्यौ ? हाम्रा सफलता र असफलता के के रहे। सफलताका कारण तथा असफलताका कारणहरु के के थिए यी सबै विषयमा



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हामी जानकार हुन जरुरी छ । तर स्वमूल्याङ्कनका लागि स्वमूल्याङ्कन हुनु हुँदैन । गाउँपालिकाले कार्यपालिकाको बैठकबाट समीक्षा गर्ने गरेको । हामीले गर्ने समीक्षा होलसोलमा हुन्छ । सेक्टर अनुसार सूचक अनुसार समीक्षा हुँदैन ।

प्रश्न न २. गाउँपालिकाले स्वदेश तथा वैदेशिक रोजगारमा जाने व्यक्ति वा समूहको लागि के कस्तो नीति, रणनीति तथा क्षमता विकासको प्याकेज बनाई लागु गरेको छ ?
यो विषयमा काम गर्न सकिएको छैन तर काम गर्ने सोच रहेको छ ।

प्रश्न न ३. गाउँपालिकाले पदाधिकारी तथा कर्मचारीहरुका लागि लैसास सम्बन्धी विषयमा तालिम चलाउने विषयमा के कस्तो सोच अघि सारेको छ ?
बजेट व्यवस्थापन भएपश्चात सञ्चालन गरिने ।

प्रश्न न ४. गाउँपालिकाले महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि के कस्ता क्षमता विकासका क्षेत्रहरुको पहिचान गरी लागु गरेको छ ? (जस्तै लोकसेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिक तयार गर्नका लागि लगानीको वातावरण आदि)
कृषि व्यवसाय सञ्चालनका लागि अनुदानको रुपमा श्रोत गएको तर लोक सेवा आयोग तयारी कक्षाका लागि, महिला प्राविधिक तयार पार्नका लागि श्रोत नभएको ।

## विषयः नेपाल सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति तथा प्रतिबद्धता

प्रश्न न १. स्थानीय सरकारका पदाधिकारीहरु, कर्मचारीहरुलाई बेइजिङ घोषणा पत्रका बाह्रवटा प्रतिबद्धता, दीगो विकासका सत्रवटा लक्ष्यहरु, बालअधिकार तथा जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी आदिका विषयमा प्रशिक्षित गरिनु कत्तिको आवश्यक छ ?
विस्तृतमा जानकारी नभए पनि अलिअलि जानकारी छ । यी विषयको सार संविधानमा पनि समेटिएर आएको छ । विस्तृत जानकारी भएको राम्रो ।

प्रश्न न २. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिड), संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि गाउँपालिकाले रकम विनियोजन गरेको छ कि छैन ? छैन भने किन ?
गरेको छैन । यस सम्बन्धमा श्रोत विनियोजन गाउँपालिका आफैंले नगरेको भएता पनि विकास साझेदारहरुबाट आयोजित कार्यक्रमहरुमा गाउँपालिकाबाट अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य पदाधिकारीहरु सहभागि भएको अवस्था छ । तर सोही विषयलाई मध्यनजर गरी श्रोत विनियोजन भने गरिएको छैन ।

प्रश्न न ३ सिद्धलेक गाउँपालिकाको लैङ्गिता सम्बन्धी प्रमुख मुद्दा र समस्याहरु के के हुन ?
महिलाहरुको शशक्त छैनन । उनीहरुमाथि अहिले पनि विभेद छ । शारीरिक, मानसिक हिसाले उनीहरु पीडित छन । पुरुषबाट हुने अत्याधिक रक्सी सेवनले पनि उनीहरु पीडित छन । महिला शिक्षामा जोड दिन सकियो र कृषिलाई व्यवसायिकरण गर्न सकियो भने यो समस्याको धेरै हदसम्म निराकरण गर्न सकिन्छ । छोरीलाई शिक्षा नदिने अभिभावकलाई दण्ड दिने परिपाटी ल्याउन सके राम्रो हुन्थ्यो । त्यस्तै सर्वसुलभ स्वास्थ्यमा जोड दिनुको विकल्प छैन ।

## विषयः कार्यसंस्कृति

प्रश्न न १ सेवा सुविधामा पहुच नभएका व्यक्ति वा समूहहरुका लागि सेवा पुर्‍याउन पालिकाले खेलेको भूमिकाको बारेमा बताईदिनु हुन्छ कि ?
(घुम्ती शिविर) योजना सम्बन्धि काम बाहेक सबै काम वडाबाटै हुने व्यवस्था गरिएको छ । हामीले जन्मदर्तालाई अन लाईन गर्ने प्रयास गरेका छौ

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धादिङ बागमती प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

प्रश्न नं २. बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री भौतिक संरचना तथा सेवा प्रवाहमा उनीहरुको सहभागिता अभिवृद्धि गर्न के गर्न पर्ला ?
हामिले बनेका संरचनाहरु बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री नभए पनि अब बन्ने संरचनाहरुलाई मैत्री बनाउने कोशिश गरेका छौ ।

प्रश्न नं ३. गाउपालिकाले बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा घरेलु हिंसा, महिला हिंसा उन्मुलनका लागि के कस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेको छ ? नगरेको भए के कारणले गर्न नसकेको हो बताईदिनुहुन्छ कि ?
यो विषयमा हामीले विभिन्न संस्थाहरु मार्फत सडक नाटक, तालिम कार्यक्रमहरु सञ्चालन गरेका छौ । एफ.एम रेडियो कार्यक्रम मार्फत पनि कार्यक्रम सञ्चालन गरिएको छ ।

## सुशासन:

प्रश्न नं १. गाउपालिकाले आयोजनाहरुमा सामाजिक जवाफदेहिता मापन गर्न के कस्ता उपायहरु अवलम्बन गर्दै आएको छ ?
गाउपालिकाले आफ्नो सारा सूचना वेभसाइटमा राखेको छ । बजेट सिलिङदेखि कार्यक्रमका नीतिहरु । सार्वजनिक सुनुवाई तथा सार्वजनिक अडिट हुने गरेको छ ।

प्रश्न नं २. गाउपालिकाले वेभसाईट मा आफ्ना नीति, रणनीति, वार्षिक कार्यक्रम, आयव्यय विवरण, सामाजिक सुरक्षा सम्बन्धी अद्यावधिक जानकारी राख्ने सम्बन्धमा के कस्ता प्रयासहरु गरेको छ ?
हामीले हाम्रा सारा नीति, कार्यक्रम, सामाजिक सुरक्षा भत्ता सम्बन्धि सूचनाहरु राख्ने गरेका छौ ।

प्रश्न नं ३. गाउपालिकाले सुशासन प्रत्याभूति गर्नका लागि के कस्ता उपायहरु अवलम्बन गरेको छ ?
गाउसभा, गुनासो पेटिका, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण ।

प्रश्न नं ४. गाउपालिकाभित्रका नीति, कार्यक्रम, बजेट तर्जुमा, योजना कार्यान्वयन तथा व्यवहारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकिकरण गर्न के के गर्नु पर्ला ?
सबै भन्दा पहिला मानिसहरुको सहभागिता अभिवृद्धि गर्न जरुरी छ । मानिसहरु बोलाएको समयमा आउदैनन । समुदायको चाहना खस्कँदै गएको अवस्था एकातिर छ भने अर्कोतिर उनीहरुको सहभागिताको कमीले गर्दा आयोजनाहरु प्रभावित भएका छन ।

३.२ प्रशासन तथा योजना शाखा प्रमुख, प्रमुख सूचनादाता

### विषय: कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रश्न १ गाउपालिकाले बनाएका ऐन, नियम, निर्देशिका कत्तिको लैङ्गिकमैत्री छन ?
गाउपालिकाले बनाएको ऐन, नियम र निर्देशिकाहरु संघीय सरकारले बनाएका ऐन नियमको फ्रेमभित्र बनाइएको भएर पनि हदसम्म लैङ्गिकमैत्री छन । यसलाई स्थानीय आवश्यकता र चाहना अनुरुप निर्माण गर्न नसक्नु अनि भएका ऐन नियमहरुलाई पूर्णत: लागु गर्न नसकिएको यथार्थ हो ।

प्रश्न २. कानुन तथा नीति निमार्णको क्रममा लाभग्राही वर्ग विशेषत: महिला, सामाजिक रुपमा पछि परेका वर्गहरुको सल्लाह सुझाव लिने विषयलाई कसरी लिनु भएको छ ?
सुझाव सल्लाह लिन सके धेरै राम्रो हो । नीति, नियमप्रति उनीहरुको अपनत्व बोधको लागि यो सर्वत्र स्वीकार्य हो । गाउपालिकाको हकमा लिन सकिएन । अबका आगामी दिनमा हामीले बनेका ऐन नियम जनताको बीचमा लान सक्नु पर्छ ।



प्रमुख प्रशासकीय अधिकृत

प्रश्न नं.३ स्वीकृत भएका कानुन तथा नीतिहरुको बारेमा सबै कर्मचारीलाई अभिमुखीकरण गर्ने विषयमा यहाँको धारणा के छ ? यो वास्तवमा अति जरुरी छ । हाम्रो नेतृत्वले यस्ता गहन विषयहरुमा ध्यान दिन सकेकै छैन । कर्मचारीहरुको मनोबल उच्च बनाउनका लागि अनि उनीहरु बीचको एकतालाई अझ सुदृढ बनाउनका लागि पनि यो जरुरी छ । नीति नियमप्रतिको साझा बुझाईका लागि यो आवश्यक कुरा हो ।

प्रश्न नं. ४ स्वीकृत भएका ऐन नियम तथा नीतिहरु सबैको जानकारीका लागि वेबसाईटमा राख्ने विषयमा यहाँको प्रतिबद्धता के छ ? हामीले स्वीकृत भई राजपत्रमा प्रकाशित भईसकेका ऐन नियमहरु वेबसाइटमा राखी सकेका छौ, तर यो वेबसाइट पनि कति जनताको पहुँचमा छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण विषय हो ।

### विषय: लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

प्रश्न नं.१ गाउँपालिकाको के कस्तो लैससास नीति रहेको छ ? आगामी दिनमा गाउँपालिकाले लैससास नीतिलाई कसरी कार्यान्वयन गर्ने तयारी गर्दैछ ?
गाउँपालिकाले अरु धेरै नीति बनाएको तर लैससास नीति नबनाएको कुरा यथार्थ हो । यसै विषयलाई आत्मसात गरी हामीले पूर्णिमाको सहयोगमा लैससास कार्यविधि तयार पारेका छौं । यसलाई गाउँपालिकाको बैठकबाट पारित गर्न बाँकी छ ।

प्रश्न नं.२ गाउँपालिकाले वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिकमैत्री बजेटको अवधारणालाई कसरी आत्मसात गर्दै आएको छ ?
गाउँपालिकाले लक्षित समूहका लागि बजेट विनियोजन गरी सम्बन्धित शाखालाई जिम्मा लगाउने गरेको कुरा यथार्थ हो । लक्षित समूहका लागि विनियोजित रकम भौतिक पूर्वाधारका लागि खर्च हुनु अर्को विडम्बनापूर्ण विषय हो । लक्षित समूहका लागि विनियोजित रकम महिला समूह आमा समूहको भौतिक पूर्वाधारका लागि खर्च हुने गरेको जसले सबला विकासको पाटो ओझेलमा परेको छ ।

प्रश्न नं.३ गाउँपालिकाले वञ्चितिकरण तथा जोखिममा परेका व्यक्ति तथा समुदायका लागि विशेष कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको अवस्था के छ ?
हालसम्म त्यस्तो नभएको भएता पनि ज्येष्ठ नागरिक, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी, जनजातिका लागि कार्यक्रम तर्जुमा भई बजेट बनी कार्यान्वयन भएको छ ।

### विषय: योजना कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन

प्रश्न नं.१ गाउँपालिका अन्तर्गत रहेको अनुगमन समितिलाई सक्रिय बनाउन यहाँले खेलेको भूमिका के छ ? (सूचक र चेकलिस्ट बनाउने, अनुगमन गएर आईसकेपछि सम्बन्धित पक्षसंग बैठक बस्ने, अनुगमनमा देखिएका त्रुटी तथा कमजोरीहरुलाई सुधार्ने आदि)
गाउँपालिकामा अनुगमन समिति गठन भएको अनि अनुगमन समितिको सिफारिस नभई भुक्तानी भने दिने नगरिएको, अनुगमन समितिको बैठक नियमित बस्ने, अनुगमन गरिएका विषयहरुमा छलफल गर्ने, अनुगमनको प्रतिवेदन सार्वजनिक गर्ने नगरिएको यथार्थ हो । अहिलेका यो तस्विरलाई हामीले बदल्न सक्नु पर्छ ।

प्रश्न नं.२ अनुगमन समितिको नियमित बैठक तथा अन्तर्क्रिया एवं छलफलको विषयमा यहाँ के भन्नु हुन्छ ? यो हुनु पर्ने विषय भने हो । यसले कर्मचारी र पदाधिकारी बीच एक प्रकारको विश्वासको भावना सृजना मात्र गर्ने होइन, यसले राम्रो कामका लागि उत्साहित गर्ने वातावरण सृजना गर्दछ । पारदर्शिता प्रजातन्त्रको प्राण पनि हो ।

प्रश्न नं.३ अनुगमन समितिले कुनै कार्यक्रम सञ्चालन भए पश्चात त्यसको प्रभाव मूल्याङ्कनको अवस्था कस्तो छ ? यदि कमजोरीहरु छन भने त्यसलाई सुधार्नका लागि गरिएका प्रयासहरु के के छन ? प्रभाव मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको छैन । कार्यक्रमहरुको लगानी, प्रक्रिया अनुगमन गरिन्छ ।

### विषय: आन्तरिक संरचना



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रश्न नं १ गाउँपालिकामा गठित न्यायिक समिति, वडास्तरका मेलमिलाप केन्द्रको कार्यसम्पादनको अवस्था कस्तो छ ? लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका वर्गहरुले यी समितिबाट फाइदा पाउने अवस्था सृजना भएको छ कि छैन ?
न्यायिक समिति सक्रिय छ तर मेलमिलाप केन्द्रको गठन हुन सकेको छैन । मेलमिलाप केन्द्र गठन गरेर यसको क्षमता विकासका लागि काम गर्न सकियो भने लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका वर्गहरुले बढी फाइदा पाउने अवस्था सृजना गर्न सकिन्छ ।

प्रश्न नं २ लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था पालिकामा कुन कुन सम्पन्न भएका छन ? जस्तै बालविकास कोष, अपाङ्गता कोष, छात्रवृत्ति कोष, दलित उत्थान कोष आदि।
यस्तो कोषको व्यवस्था नभएको भएता पनि यी वर्गहरुको लागि लगानी गरिएको छ ।

प्रश्न नं ३ गाउँपालिकाले पालिकास्तरमा भएका समुदायमा आधारित संघसंस्थाहरुको अभिलेख तथा उनीहरुको क्षमता विकासका लागि के कस्तो भूमिका खेल्दै आएको छ ?
पालिकास्तरमा कार्यरत संघसंस्थाहरुको सूची निर्माण गर्ने काम भइरहेको छ । तर उनीहरुको क्षमता विकासका लागि कार्यक्रम तय गर्ने काम भने खासै गर्न सकिएको छैन । हामीले उनीहरुलाई पनि स्थानीय सरकारको एउटा महत्वपूर्ण अङ्गको रुपमा स्वीकार्न सक्नु पर्छ ।

## विषय: क्षमता विकास

प्रश्न नं १ गाउँपालिकाले आफूले सम्पादन गरेका कामहरुको सम्बन्धमा स्वमूल्याङ्कन गर्ने विषयलाई कसरी लिनु भएको छ ? केही गाउँपालिकाहरुले आफ्नै सक्रियतामा संस्थागत स्वमूल्याङ्कनको पाटोलाई अझ बढाई क्षमता विकासको कार्ययोजना बनाएका छन । यसमा तपाईंको भन्नु के छ ?
यो एकदमै महत्वपूर्ण विषय हो । पालिकाले सम्पादन गरेका कामहरु कत्तिको नीति सगत तरिकाले सम्पादन गरिएका छन भन्ने कुराको लेखाजोखा जरुरी छ । अर्को कुरा गाउँपालिकाले विकासको सपना देख्न सक्नु पर्छ । हामी ५ वर्षमा कहाँ पुग्नु पर्ने हो, कहा पुगियो, कहा हामीले राम्रो गर्न सक्यौ कहा गर्न सकेनौ यो वास्तवमा छलफल, अन्तर्क्रियाबाट मात्र थाहा हुन्छ ।

प्रश्न नं २ गाउँपालिकाले स्वदेश तथा वैदेशिक रोजगारमा जाने व्यक्ति वा समूहको लागि के कस्तो नीति, रणनीति तथा क्षमता विकासको प्याकेज बनाई लागु गरेको छ ?
गाउँपालिकामा उनीहरुको रेकर्ड छ । वैदेशिक यात्राका लागि सिफारिस गर्ने काम बाहेक अरु गर्न सकिएको छैन । यो धेरै संवेदनशील विषय पनि हो । हामीले उनीहरुका लागि केही गर्न पर्छ भन्ने कुरा नेतृत्व तहलाई बुझाउन सक्नु पर्छ ।

प्रश्न नं ३ गाउँपालिकाले पदाधिकारी तथा कर्मचारीहरुका लागि लैससास सम्बन्धी विषयमा तालिम चलाउने विषयमा के कस्तो सोच अघि सारेको छ ?
यस्तो कार्यक्रमहरुमा गाउँपालिकाको खासै अभिवृद्धि गर्न जरुरी छ । यस्तो कार्यक्रमले सकारात्मक प्रभाव पार्दछ ।

प्रश्न नं ४ गाउँपालिकाले महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि के कस्ता क्षमता विकासका क्षेत्रहरुको पहिचान गरी लागु गरेको छ ? (जस्तै लोकसेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिक तयार गर्नका लागि तालिमको वातावरण आदि) यस्ता सृजनशील कार्यक्रमहरु हुने नगरेको र यस्तो विषयमा छलफल पनि नभएको

**विषय: नेपाल सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति तथा प्रतिबद्धता**

प्रश्न नं १ स्थानीय सरकारका पदाधिकारीहरु, कर्मचारीहरुलाई बेइजिङ घोषणा पत्रका बाह्रवटा प्रतिबद्धता, दिगो विकासका सत्रवटा लक्ष्यहरु, बालअधिकार तथा जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी आदिका विषयमा अभिमुखीकरण गरिनु कत्तिको आवश्यक छ ?



Scanned with CamScanner

यो असाध्यै महत्वपूर्ण विषय हो । गाउंपालिका एउटा स्थानीय सरकारको रुपमा आएपछि आफूलाई चाहिने ऐन नियम आफै बनाउनु पर्ने भएकोले पनि यो विषयमा जानकारी राख्न जरुरी छ । जनप्रतिनिधि तथा पदाधिकारीहरुलाई यो विषयमा खासै ज्ञान छ जस्तो लाग्दैन ।

प्रश्न न २. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिड्), संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि गाउंपालिकाले रकम विनियोजन गरेको छ कि छैन ? छैन भने किन ?
यो विषयमा हामी कर्मचारी तथा पदाधिकारीहरु खासै जानकार छैनौं । महिला अधिकार सम्बन्धि विषयमा नीति निर्माताहरु जानकारी
हुन जरुरी छ ।

प्रश्न न ३. गाउंपालिकाको लैङ्गिता सम्बन्धी प्रमुख मुद्दा र समस्याहरु के के हुन ?
गाउंपालिकामा लैङ्गिता सम्बन्धी धुप्रै समस्याहरु रहेका छन । ती मध्ये बालविवाह एक हो । अभिभावकले विवाहका लागि रोके पनि विवाह गरेर जाने चलन छ । बहुविवाह, घरेलु हिंसा, शारीरिक तथा मानसिक हिंसा पनि निकै चर्को छ । मदिरा सेवनका कारण पनि यो समस्या बढेको छ । त्यस्तै अचेल सम्बन्ध विच्छेदका कारण बालबालिकाहरुले दुख भोग्नु परेको छ ।

## विषय: कार्यसंस्कृति

प्रश्न न १ सेवा सुविधामा पहुंच नभएका व्यक्ति वा समूहहरुका लागि सेवा पुर्याउन पालिकाले खेलेको भूमिकाको बारेमा बताइदिनु हुन्छ कि ?
(घुम्ती शिविर) अफिस भन्दा बाहिर गएर सेवा प्रवाह गर्ने काम गाउपालिकाले केही गरेको छैन । स्वास्थ्यमा केही शिविरहरु भएका छन । यो विषय निकै सान्दर्भिक विषय पनि हो । गाउपालिकाले गर्ने नियमित कामहरुलाई अभियानको रुपमा लान सक्ने हो भने जनतामा यसले एक प्रकारको सकारात्मक उर्जा भर्नेछ ।

प्रश्न न २. बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री भौतिक संरचना तथा सेवा प्रवाहमा उनीहरुको सहभागिता अभिवृद्धि गर्न के गर्न पर्ला ?
पहिलाका भवनहरु बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुन सकेनन । यसको महत्वको बारेमा पछिल्लो चरणमा बल्ल बोध हुदै आयो । अहिले आएर पछिल्लो चरणमा बन्दै गरेका भवन र अबका दिनमा बन्ने भवन भने धेरै हिसाबले मैत्री हुने देखिन्छ ।

प्रश्न न ३. गाउपालिकाले बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा घरेलु हिंसा, महिला हिंसा उन्मुलनका लागि के कस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेको छ ? नगरेको भए के कारणले गर्न नसकेको हो बताइदिनुहुन्छ कि ?
गाउपालिकाले विभिन्न संघसंस्थाहरुसंग मिलेर यी विषयहरुमा काम गर्दै आएको छ । हरेक वडामा एक एक जना स्वयंसेवकहरु राखेर काम गर्ने गरेको छ । सहयात्री नामक स्थानीय गैर सरकारी संस्थासंग मिलेर काम गरिरहेको छ ।

## सुशासन:

प्रश्न न १. गाउंपालिकाले आयोजनाहरुमा सामाजिक जवाफदेहिता मापन गर्न के कस्ता उपायहरु अवलम्बन गर्दै आएको छ ?
एउटा त हामीले योजना तर्जुमा देखिनै समुदायको सहभागिता गराउने अनि समुदायलाई योजनाको बारेमा जानकारी दिने काम गर्दछौं । दोश्रो उपभोक्ता समितिको गठन गर्दा आमभेला मार्फत गर्ने अनि उपभोक्ता समितिहरुले हरेक योजनाको सार्वजनिक परीक्षण गर्ने, होडिङ्ग बोर्ड राख्ने काम गर्छन । गाउपालिकाले बेला मौकामा सार्वजनिक सुनुवाईको पनि आयोजना गर्ने गरेको छ ।



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रश्न न २. गाउँपालिकाले वेभसाईट मा आफ्ना नीति, रणनीति, वार्षिक कार्यक्रम, आयव्यय विवरण, सामाजिक सुरक्षा सम्बन्धी अद्यावधिक जानकारी राख्ने सम्बन्धमा के कस्ता प्रयासहरु गरेको छ ?
गाउँपालिकाले पारित गरेका सबै जसो नीतिहरु वेभसाइटमा राखिएको छ । सामाजिक सुरक्षाका विवरणहरु पनि राख्ने गरेको छ ।

प्रश्न न ३. गाउँपालिकाले सुशासन प्रत्याभूति गर्नका लागि के कस्ता उपायहरु अवलम्बन गरेको छ ?
खासै त्यस्तो नयाँ उपायहरु अवलम्बन गरेको अवस्था छैन ।

प्रश्न न ४. गाउँपालिकाभित्रका नीति, कार्यक्रम, बजेट तर्जुमा, योजना कार्यान्वयन तथा व्यवहारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकिकरण गर्न के के गर्नु पर्ला ?
सबै भन्दा पहिला हामीले जनतालाई सचेत बनाउन जरुरी छ । बनेका ऐन नियमहरु र निर्देशिकाहरुमा भएको व्यवस्था जनतालाई थाहा हुनु पर्‍यो । साथै ऐन नियमको कार्यान्वयन पश्चात जनतामा के सन्देश गयो भन्ने कुराको पनि अनुगमन हुन जरुरी छ । विभिन्न खालका प्रेसर ग्रुपहरु जस्तै महिला मानव अधिकार सञ्जाल, आमा समूहले पालिकालाई सही बाटो डोर्‍याउनका लागि पनि सहयोग गर्नु पर्‍यो ।

७.४ न्यायिक श्रोतव्यक्ति

प्रश्न नं. १: तपाईको फिल्ड अनुभवका आधारमा सिद्धलेक गाउँपालिकामा रहेका महिलाहरुको प्रमुख समस्याहरु के के छन ? वडागत रुपमा भन्न पर्‍यो भने कुन वडाको समस्या के के हुन ?

धेरै जसो घरेलुहिंसा पहिला भन्दा धेरै कम भएको । गाउँपालिकामा विशेष गरी पुरुषहरुमा बेरोजगारीका कारण मद्यपान गरी कुटपिट लगायतका हिंसा गर्ने जसका कारण एक प्रकारको मानसिक हिंसा जन्माएको छ । बच्चा पाउने विषयमा महिलाको निर्णय लागु हुँदैन । परिवार नियोजनको साधन प्रयोग गर्ने तथा स्थायी बन्ध्याकरणको विषयमा पनि श्रीमानकै भूमिका बढी हुन्छ । हामीकहाँ बालविवाह अर्को समस्याको रुपमा रहेको छ । महिलाहरुको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरुको पनि ज्यान जोखिममा रहेको छ ।

प्रश्न नं. २: तपाईको फिल्ड अनुभवका आधारमा बालबालिकाका समस्याहरु (शैक्षिक, स्वास्थ्य, पोषण, सामाजिक, सरसफाई) आदि के के हुन ? वडागत रुपमा भन्न पर्‍यो भने तपाई के भन्नु हुन्छ ?
बालबालिका, महिलाका धेरै समस्याहरु लुकेर बसेका छन । कुनै एक जाति विशेष भएकै कारण उनीहरु पीडित छन । विद्यालय जान छोडेकालाई सम्झाए पछि ४-५ जनालाई पुनः विद्यालय शिक्षामा फर्काउने काम पनि भएको छ । पेपाङ, परियारहरुको आर्थिक स्थिति पनि कमजोर छ । चर्पी प्रयोग दर बढेको भएता पनि अहिले पनि चर्पी प्रयोग नगर्नेहरुको संख्या पनि छ । बालविवाह कम मात्रामा छ । केटीहरुको बालविवाह बढी छ । विवाह भएपछि पनि हामीहरुले किशोरीहरुको कक्षामा राखेर छलफल गराउने गरेका छौं । किशोरी कक्षामा लैङ्गिकता, महिनावारी, बालविवाह, नागरिकताको बारेमा छलफल गरिन्छ । हामीले प्रहरी र समुदायको अन्तर्क्रिया कार्यक्रम गर्ने गरेका छौं, त्यस्तै बालविवाहको सडक नाटक पनि प्रदर्शन गरेका छौं ।

प्रश्न नं.३: तपाईको फिल्ड अनुभवका आधारमा विशेष क्षमताका व्यक्तिहरुको (अपाङ्ग, दृष्टिविहीन, श्रवणहीन आदि) का समस्याहरु के के रहेका छन ?
यस्ता केसहरु धेरै छन सर । उनीहरुको आवाज सुनिदिने चलन छैन । उनीहरुको हक अधिकारका लागि बोल्ने स्थानीयस्तरमा संघसस्था हुन जरुरी छ ।

प्रश्न नं. ४: महिला विरुद्ध हुने १६ दिने अभियान, बालदिवस आदि दिवस मनाउने चलन कस्तो छ ? के यो चलनले महिला विरुद्धका हिंसा तथा बालहिंसा हटाउन सहयोग गरेका छन ?



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१६ दिने अभियान, बालदिवस धुमधामसंग मनाउने गरिएको । एक ठाउँमा मनाएको विषयलाई पालिकाले मनाइयो भन्दछ तर सम्बन्धित वडामा नभएकी भएन भन्न पर्यो । यस्तो खालको दिवसको महत्वको बारेमा सबैलाई जानकारी हुन सक्यो र गाउँका मानिसहरुलाई नै कार्यक्रमको आयोजनामा सहभागि गराउन सकियो भने मात्र उनीहरु उत्साहित हुन सक्थे साथै उनीहरुको क्षमता विकास पनि हुन्थ्यो । मेरो विचारमा यस्ता कार्यक्रमहरु व्यवस्थित ढंगले गर्न सके हो भने महिला हिंसाका घटनाहरु कम गर्न सकिन्छ ।

प्रश्न नं. ५: गाउँपालिकाभित्र छुवाछुतको अवस्था कस्तो देख्नु हुन्छ ?
छुवाछुत अहिले सार्वजनिक स्थानहरुमा छैन । फलानाले छुवाछुत गर्यो भन्ने कुरा कहीं कतै सुनिँदैन ।

प्रश्न नं.६: उपभोक्ता समितिभित्र महिला, दलित, पछाडि परेको वर्गको सहभागिताको बारेमा तपाईको विचार के छ ?
उपभोक्ता समितिहरुमा महिला राख्ने गरेको भए पनि केवल हस्ताक्षरको लागि मात्र राख्ने गरिएको । समितिमा उनीहरुको कुरा चल्दैन ।

प्रश्न नं.७ महिलामाथि हुने हिंसाको अवस्थाको बारेमा तपाईको अनुभवले के भन्छ ? जस्तै एकल महिला, विवाहित महिला, दलित महिला आदि
महिला हिंसा छ । खास गरी घरेलु हिंसा । घरेलु हिंसालाई कम गर्नका लागि पालिकाले सबै भन्दा पहिला श्रीमान, श्रीमती अनि सासुलाई राखेर तालिम दिन सक्नु पर्छ । महिला हिंसा न्यूनीकरणका कार्यक्रमहरु डिजाइन गर्न सक्नु पर्छ ।

प्रश्न नं. ८: बालबालिकामाथि हुने हिंसाको बारेमा तपाईको अनुभवले के भन्छ ?
कुलत सम्बन्धि समस्याले बालबालिकाहरुलाई असर पारेको छ । यसका लागि विद्यालयस्तरमा वा समुदायस्तरमा विभिन्न खालका कार्यक्रम सञ्चालन गर्नु पर्छ । बालबालिकामाथि हिंसा भइरहेको हुन्छ तर उनीहरुले व्यक्त गर्न सक्दैनन । बालअधिकारको विषयमा गाउँका बालबालिकाले खासै थाहा नभएको कारणले पनि यो विषय बाहिर नआएको हो । तर हामी फिल्डमा हिंड्ने मान्छेले बालहिंसा भइरहेको देख्छौं । आमा शिक्षित नहुनुले पनि अक्सर त्यस्तो समस्या पार्छ ।

प्रश्न नं. ९: तपाईंको विचारमा वडास्तरका स्वास्थ्य चौकी, विद्यालय, खानेपानी उपभोक्ता समिति, तथा गाउँपालिकाको सेवा प्रवाह कत्तिको लैंगिक मैत्री छ ?
पुराना भौतिक संरचनाहरु र कर्मचारीहरु मैत्री छैनन । तर अहिलेका नयाँ भवन र कर्मचारीहरुमा मैत्रीपन बढी भएको महसुस भएको छ । जो बोल्छ उसलाई बढी फोकस गर्ने चलन छ ।

प्रश्न नं.१०: तपाईका आफ्ना विचार, अनुभव एउटा सामाजिक अभियन्ताको हिसाबले । हाम्रो गाउँघरका महिलाहरु आफ्ना कुराहरु भन्न सक्दैनन । धेरै लजाउने बानी छ । साथै विभिन्न खालका कार्यक्रमहरुमा उनीहरुलाई सहभागि गराउन पनि गाह्रो हुन्छ । उनीहरुलाई जहिले पनि घरको काम बिग्छ । भन्न र बोल्न डराउने भएकोले पनि उनीहरु हेपिएका हुन ।

प्रश्न नं. १०: तपाईंसग यस सम्बन्धी मामिला अध्ययनहरु छन भने भन्नोस ।
थुप्रै छन । गाउँघर घटनाको भण्डार नै हुन ।

७.५: प्रमुख सूचनादाता अन्तर्वार्ता स्वास्थ्य शाखा प्रमुख
प्रश्न १: स्वास्थ्य सेवाको पहुँच र उपभोगका लागि पछि परेका महिला, बालबालिका, अपाङ्ग, दृष्टिविहीनहरुका समस्या र चुनौतीहरु के के हुन ?



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका भौगोलिक पहुँचका हिसावले निकै कठिन गाउँपालिका हो । मैत्री सेवा प्रदान गर्ने संरचनाहरु छैनन । भवन मैत्री छैनन । श्रवणहिनहरुलाई उपचार गर्ने त्यही खालका प्राविधिकहरु छैनन । लक्षित समुहलाई फाइदा पाउने संरचना पनि छैन । उनीहरुलाई सेवा प्रदान गर्ने संस्कार पनि छैन । लाटो तथा मुख नबोल्नेहरुले बोलेको भाषा बुझ्ने क्षमता हामीसंग छैन । अहिले भएका प्राविधिकहरुका लागि अहिंसात्मक सञ्चारको तालिम आवश्यक छ । भाषा पनि आफैमा एउटा उपचार पद्धति हो भन्ने धेरैले नबुझेको हुन सक्छ ।

प्रश्न नं.२: स्वास्थ्य क्षेत्रको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न के के प्रयास गरिएको छ ? अवका दिनमा के कस्ता कार्यक्रम तर्जुमा गरेर जान सकिएला ?
स्वास्थ्य सेवा लिने, स्वास्थ्य सेवा दिने अनि स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेको वीचमा त्रिपक्षीय बैठक हुन्छ । गुणस्तरीय सेवा प्रवाह हुन्छ कि हुन्न भएन भने किन भएन भनेर गुणस्तर सुधार समितिको बैठक बस्ने गरिएको छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा भएकाहरु सेवा लिन आउदैनन, यसका लागि घुम्ती शिविर बेला मौकामा सञ्चालन गर्ने गरिएको छ ।

प्रश्न नं.३: स्वास्थ्यसंस्थाभित्र हुने भेदभाव जस्तै धनी, गरिव (धनीलाई पहिला सेवा गरिवलाई पछि), छुवाछुत, जातिय विभेद (जस्तै चेपाङका छोराछोरीको स्वास्थ्य के राम्रो होस भन्ने खालका सोच) छ कि छैन ? छ भने कसरी व्यवस्थित गर्न सकिएला ?
स्वास्थ्य संस्थाभित्र विभेद छैन । स्वास्थ्यकर्मीले विरामीलाई अभिवादन गरेर परामर्शमा जान्छन । अपाङ्गहरुलाई अभिवादन गर्छन । टि.भि.का विरामीलाई लामो समय कुराएर राख्ने गरिदैन । उनीहरुलाई लामो समय कुराउँदा यसले स्वास्थ्यकर्मीहरुलाई नै कन्टामिनेट गर्ने भएकोले त्यस्तो गरिएको हो ।

प्रश्न नं.४: परिवारभित्र हुने घरेलु हिंसा (महिला, किशोरी) दुवैका कारणले आमा र वालवालिकाको स्वास्थ्यमा के कस्तो प्रभाव परे जस्तो लाग्छ ?
हाम्रो समाजमा लैङ्गिक विभेद छ। महिलाहरुलाई परिवार नियोजनको साधनको वारेमा खुलेर बोल्ने, परिवार नियोजनको साधन प्रयोग गर्ने विषयमा कतिपय ठाउमा अहिले पनि रोकटोक छ । नवविवाहित बुहारीहरुलाई परिवार नियोजनको साधन प्रयोगमा समेत वाधा छ । महिलाहरुका गोपनियताका सवालहरु उत्तिकै महत्वपूर्ण छन । यसका लागि सवै जसो ठाउँमा महिला स्टाफको व्यवस्था गरिएको छ ।

प्रश्न नं.५: स्वास्थ्य संस्थाभित्र वालमैत्री, अपाङ्गमैत्री वातावरणको (भवन, कुर्सी, धर्पी, व्यवहार आदिको अवस्था के कस्तो छ ?
अपाङ्गमैत्री छैन । आमाले आइरन चक्की नखाएको अवस्था पनि छ । खोप सुविधा नलिएको ठाउमा दादुराको आउट ब्रेक भएको छ । लाउने खानेकुराको चेतना छैन । तर स्वास्थ्य चौकीको सुविधा पुगेको छ ।

प्रश्न नं.६: स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र आदिले गाउघर क्लिनिक, खोप क्लिनिक दुरदराजमा सञ्चालन गर्छन कि गर्दैनन ? गर्छन भने के कसरी गर्दै आएका छन ? यसका लागि समस्या र चुनौतिहरु के के छ ? समुदायको दृष्टिकोण र व्यवहारले यी कार्यक्रमहरुमा पारेको प्रभाव तथा असर के छ ?
गाउंघर र खोप क्लिनिक दुवै सञ्चालनमा छन । गाउघर क्लिनिक र खोप क्लिनिकका लागि भवन नभएको कारणले कहिलेकाही सञ्चालनमा वाधा आउंछ । तर पनि हामीहरुले व्यक्तिको घरमा सञ्चालन गर्दै आएका छौं । यो सेवा नियमित छ । फाइदा पाउने वर्गहरु पनि सहभागि भएको अवस्था छ । ढिलो आउने समस्यालाई भने हल गर्न सकिएको छैन ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

प्रश्न नं.७: लैङ्गिक समवेदनशीलताको हिसावले कर्मचारीहरुको व्यवहार के कस्तो रहेको छ ? अझ राम्रो बनाउन के गर्न सकिएला ?

कर्मचारीहरुका लागि वि.सि.सि.तालिम तथा अभिमुखीकरणको आवश्यकता छ । त्यस्तै अहिंसात्मक सञ्चार पनि । कर्मचारीहरुले सक्दो राम्रो व्यवहार प्रदर्शन गरेका छन । कतिपय अवस्थामा सम्बन्धित ठाउँको विकटता, मानिसहरुको प्रतिक्रियात्मक स्वभावले पनि उनीहरुलाई गाह्रो बनाउँछ । कतिपय कर्मचारी आफै लैङ्गिक हिसाले पीडित छन । उनीहरुले आफ्नो पीडा कहाँ भन्ने कहाँ पोख्ने आदि जस्ता समस्याहरुले उनीहरुलाई काममा बाधा पुऱ्याएको हामीलाई लागेको छ ।

प्रश्न नं.८: महिलाहरुलाई गर्भजाँच, परिवार नियोजनको साधनको प्रयोग, वालबालिकाको स्याहार, खोप आदिलाई सफलतापूर्वक अघि बढाउन पुरुषको के कस्तो भूमिका जरुरी छ ?

साक्षर परिवारमा यो समस्या खासै छैन । तर निरक्षरहरुको हकमा यो समस्या विद्यमान छ । अहिले पनि महिलाहरुमा कार्यभार बढी रहेको छ । गर्भवती महिलाले बालबच्चाको स्याहार, घरको सारा काम गर्नु पर्ने र जोखिमपूर्ण काम गर्नु पर्ने बाध्यता पनि छ । परिवार नियोजनको साधन महिलाहरुले बढी गर्नु पर्ने स्थिति छ । कण्डम प्रयोगकर्ता पुरुषहरुको संख्या बढाउन सके महिलाहरु माथि अस्थायी परिवार नियोजनको कारणले भएको प्रभाव र असरलाई कम गर्न सकिन्थ्यो । त्यस्तै स्थायी बन्ध्याकरणका लागि पुरुषलाई मनाउन नसक्दा महिलाहरुमाथि थप भार थपिएको पक्का हो । परिवार नियोजन पश्चात पुरुषहरु यौनमा सक्रिय हुन सक्दैनन, परिवार नियोजन गरेको पुरुषले गरेको पुजा भगवानले स्वीकार गर्दैनन भन्ने खालका परंपरागत सोचले गर्दा महिलाहरुमाथि थप समस्या श्रृजना गरेको छ ।

प्रश्न नं.९: स्वयंसेविकाहरुको मनोविज्ञान के कस्तो रहेको छ ? हामीहरुले उनीहरुलाई थप उर्जा दिन के गर्न जरुरी होला ?

गाउपालिका भरि गरेर २८ जना स्वयंसेविकाहरु रहेका छन ।

प्रश्न नं. १०: अब हामीले स्वास्थ्यको क्षेत्रलाई गुणस्तरीय बनाउन के कस्ता सचेतना निर्माणका कार्यक्रमहरु बनाएर जान पर्ला ? स्वास्थ्य क्षेत्रमा प्रदान गरिएको सेवालाई गुणस्तरी बनाउनका लागि सबै भन्दा पहिला समुदायको क्षमता विकास जरुरी छ । यो सेवा हाम्रो लागि हो । हामी समयमा उपस्थित भई सेवा लिनु पर्छ भन्ने चेतना जरुरी छ । अति विपन्न समुदायको आवाज, अधिकार र छनौटको विषयलाई बलियो बनाउन सकियो भने यसले स्वास्थ्य सेवालाई सुदृढ बनाउन सहयोग गर्छ । स्वास्थ्य संस्थाहरुको भवन मर्मत, नयाँ निर्माणका कामलाई तदारुकता दिने, ल्याब स्थापना गर्ने काममा जोड दिनु पर्छ । त्यस्तै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष वडाध्यक्ष भएको र उहाँले समय दिन नसक्दा कामा गाह्रो भएको छ । उहाले कुनै सक्रिय वडा सदस्यमहिलालाई। जिम्मा दिने हो भने स्वास्थ्य व्यवस्थापन समितिलाई थप सक्रिय बनाएर लान सकिन्छ ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner